जनपक्षीय विचारप्रधान साप्ताहिक
# देशप्रेम
DESHPREM National Weekly
www. deshpremweekly .com
देशप्रेम प्रकाशन प्रा॰लि॰द्वारा प्रकाशित
वर्ष २७ अंक ५ २०८२ जेठ ४ गते आइतबार (May. 18, 2025 ) का.जि.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## नेकां, एमाले र माओवादी केन्द्रका कारण शान्ति प्रक्रिया संकटमा
# द्वन्द पीडितहरु फेरी सडकमा उत्रने तयारीमा



काठमाडौं । नेपाली कांग्रेस र एमालेसहितको बर्तमान सरकारले समयमै आवश्यक ध्यानपुऱ्याउन नसक्दा फेरी शान्ति प्रक्रिया भंग हुने अवस्थामा पुगेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । सरकारले संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरु सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा हालै गरेको पदाधिकारीहरुको नियुक्तिप्रति द्वन्दपीडित समुदायले गम्भीर असहमति र आपत्ति जनाएको छ । सरकारको निर्णय सार्बजनिक भएलगत्तै द्वन्दपीडितहरुको साझा चौतारीलगायतका संघसंस्था र समुदायले सातबुँदे धारणा सार्वजनिकगर्दै नियुक्ति प्रक्रियालाई अपारदर्शी, स्वेच्छाचारी, र दलीय भागबण्डामा आधारित भएकोभन्दै विरोध गरेका छन् । उनीहरुले दलीय भागबण्डाबाट आयोग गठनगर्ने यो प्रक्रियाले पीडित समुदायको अपमान गरेको र संविधानको मर्ममाथिसमेत ठाडो उल्लंघन गरेको भनेका छन् । उनीहरुले संक्रमणकालीन न्यायको क्षेत्रमा कुनै काम नगरेका र जानकारीनै नभएका मानिसहरुलाई प्रमुख तीन ठूला दलले आफ्ना कथित प्रतिनिधि बनाई सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा नियुक्तगर्न लागेको थाहापाएदेखिनै बिभिन्न चरणमा बिरोध गर्दैआएका थिए । पूर्व प्रधान न्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा बनेको सिफारिस समितिले गत साता दुबै आयोगमा अध्यक्षसहित पाँच, पाँच जनाको नाम सिफारिस गरेअनुसार मन्त्री परिषदको **बाँकी ८ पेजमा**

## माओवादी केन्द्रको अभियानमा आलोचना बढी

काठमाडौं । माओवादी केन्द्रले गत दुईगते डडेलधुराको पाटनबाट मध्यपहाडी मार्ग जनजागरण अभियानको थालनीगरेको छभने अभियानमा समर्थनभन्दा आलोचना बढी हुनेगरेको बताइएको छ । सो अभियान पोखरामा समापन गरिने कार्यक्रम छ । गत शुक्रबार डडेलधुरामा आयोजित कार्यक्रममा अध्यक्ष दाहालले आफ्नो नेतृत्वको सरकारहुँदा सुदूरपश्चिम क्षेत्रलाई सधैं प्राथमिकतामा राखेको दाबि गर्नुभएको थियो । प्रेस सेन्टर डडेल्धुराले आयोजना गरेको एक पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले डडेल्धुरामा पर्याप्त सम्भावना रहेको औंल्याउँदै यहाँबाट भइरहेको बसाइँसराइ रोक्न शिक्षा, स्वास्थ्य, कृषि, जडीबुटी तथा पर्यटन क्षेत्रमैत्री नीति आवश्यक रहेकामा जोड दिनुभएको थियो । सो अभियानमा भाग लिन पार्टीका अध्यक्ष दाहालसहित वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्षहरु अग्निप्रसाद सापकोटा, पम्फा भुसाल, नन्दकिशोर पुन, महासचिव देव गुरुङ, सुदूरपश्चिम प्रदेशका इञ्चार्ज गिरिराजमणि पोखरेललगायत नेताहरु त्यहाँ पुग्नुभएको थियो । यसअघि हुलाकी राजमार्ग केन्द्रित तराईमूलक अभियान **बाँकी ८ पेजमा**

## नेपालमा बैदेशिक हस्तक्षेप बढेको दाबि

काठमाडौं । नेकपाका महासचिव नेत्रबिक्रम चन्दले नेपालमा बैदेशिक हस्तक्षेप बढेको दाबि गनुभएको छ । सो पार्टीको पार्टी सुदूरपश्चिम उत्पादन बिभागद्वारा गत शुक्रबार कैलालीमा आयोजित एक कार्यक्रमलाई सम्बोधनगर्दै महासचिव चन्दले सो कुरा बताउनु भएको हो । त्यसक्रममा उहाँले देशमा बढेको राजनीतिक बिकृति र दलालीकरणको कारण जनताले दुःख पाएको उल्लेखगर्दै यहि दुःखलाई निराकरणगर्न कृषि उत्पादन र व्यापारतिर लाग्नुपर्ने बताउनु भएको थियो । उहाँले संसद्वादी राजनीतिक दल र नेताहरुले आफ्नो स्वार्थका लागि देशको दीघ{कालीन हित विपरीत सम्झौता गर्नेगरेको बताउँदै देश आर्थिक हिसाबले परनिर्भर , बिदेशी ऋण र अनुदानमा चलेको खुलाशा पनि गर्नुभएको थियो । उहाँले पछिल्लो समयमा शिक्षा, स्वास्थ्य बाटोघाटो लगायत विकासका केही कुराहरुमा सुधार भएपनि कृषिलगायतका बिषयमा गम्भीररुपमा सोच्नुपर्ने बेला आएको बताउनु भएको थियो । त्यसैगरी महासचिव चन्दले **बाँकी ८ पेजमा**

## समाजवादी मोर्चा औंचित्यहीन

काठमाडौं । एकीकृत समाजवादीका नेता झलनाथ खनालले समाजवादी मोर्चा औंचित्यहीन भएको दाबि गर्नुभएको छ । निर्मल लामा स्मृति प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र र त्यसका चुनौति विषयक एक बिचार गोष्ठीमा खनालले कोठा कोठामा कार्यक्रम गरेर समाजवादी मोर्चाको औंचित्य पुष्टि हुननसक्ने बताउँदै समाजवादी कार्यक्रम गर्नुपर्ने दाबि गर्नुभएको थियो । उहाँले आफूलाई समाजवादी मोर्चाका क्रियाकलापहरु चित्त नबुझेकोसमेत बताउनु भएको थियो । उहाँले कतिपयलाई बामपन्थीलाई समाजवादी नामको मोर्चा मननपरेको भन्दै बाम मोर्चा बनाए अझै धेरै दल समावेश हुनसक्ने धारणा राख्नु भएको थियो । उहाँले समाजवादी यात्रालाई अघिबढाउन सडकमार्फत जनतालाई एकीकृत गर्नुपर्ने उल्लेखगर्दै खनालले संसदीय संघर्षमात्रै भए संसदवादमा टुंगिने दाबि गर्नुभएको थियो । उहाँले कम्युनिष्ट पार्टीलाई क्रान्तिकारी कार्यदिशाका आधारमा पुनर्गठन गर्नुपर्नेमा पनि जोड दिनुभएको थियो । खनालले बामपन्थी एकता नभए ८४ को निर्वाचनमा बामपन्थी दलहरुको अवस्था **बाँकी ८ पेजमा**

## आतंकवादी गतिबिधिको पनि क्षतिपूर्ति आउने

काठमाडौं । आतंकवादी गतिबिधिको पनि क्षतिपूर्ति आउने भएको छ । हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा नेपालका लागि इजरायलका राजदूत श्मुलिक ए बासले उपरोक्त घोषणा गर्नुभएको हो । त्यसक्रममा उहाँले आतंकवादी आक्रमणमा परेका नेपालीका परिवारलाई सधैं सहयोगगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । इजरायलको ७७ औं स्वतन्त्रता दिवस तथा नेपाल-इजरायल कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औं वार्षिकोत्सवका अवसरमा आयोजित एक स्वागत समारोहमा उहाँले पीडितका परिवारलाई सहयोगगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । आतंकवादी समूह हमासले सन् २०२३ को अक्टोबर सातमा दक्षिणी इजरायलमा आक्रमणगर्दा लर्न एण्ड अर्न कार्यक्रमअन्तर्गत त्यहाँ अध्ययनरत १० जना नेपाली मारिएका थिए । उक्त हमलामा मारिएका नेपाली बिद्यार्थीप्रति श्रद्धाञ्जली अर्पणगर्दै राजदूत बासले उनीहरुका परिवारलाई निरन्तर सहयोग हुने बताउनुभएको थियो । उहाँले इजरायलले आतंकवादबाट **बाँकी ८ पेजमा**

## निजामती कर्मचारीको अवकाश उमेर बिवादमा

काठमाडौं । निजामती कर्मचारीको अवकाश उमेर हद बिवादमा पर्दैआएको छ । गत शुक्रबार सिंहदरबारमा निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक- ०८० का सम्बन्धमा संसदीय समितिबाट सर्वसम्मत पारित भएपछि सो समितिको बैठकनै अनिश्चित कालका लागि स्थगित भएको छ । समितिको अन्तिम मस्यौदा प्रतिवेदनमाथि छलफलगर्न बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकबाट विधेयक पारित भएको हो । समितिका सभापति रामहरि खतिवडाले उक्त विधेयक परिमार्जन सहित सर्वसम्मत पारित भएको बताउनुभएको थियो । उहाँले धेरै समय पछाडि उक्त महत्वपूर्ण विधेयक पारितगर्न सफल **बाँकी ८ पेजमा**

## मिश्र बिना कारण ५० दिन थुनामा

काठमाडौं । पूर्ब पत्रकार तथा हाल राप्रपाका बरिष्ठ उपाध्यक्ष रबिन्द्र मिश्र बिना कारण ५० दिन थुनामा रहेर गत शुक्रबार छुट्नु भएको छ । उहाँलाई गत शुक्रबार न्यायाधीशद्वय कुमार चुँडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मिश्रको बन्दी प्रत्यक्षीकरण रिटमा सुनुवाईगर्दै रिहागर्न



आदेश दिएलगत्तै छुट्नु भएको थियो । रिहा भएपछि पत्रकारहरु माझ संक्षिप्त प्रतिक्रियादिँदै उहाँले आफूले राजसंस्था पुनर्स्थापनाका लागिमात्र काम गरेकै तर संगठित अपराध, राज्यविरुद्धको कसुर र अपराधिक उपद्रवको काम केही नगरेको बताउनु भएको थियो । गत चैत्र १५ गते काठमाडौंको तीनकुनेमा मेडिकल ब्यवसायी दुर्गा प्रशाइँले गरेको राजावादीहरुको एक कार्यक्रमा अतिथिकारुपमा भाग लिन जानुभएका मिश्रलाई हिंसात्मक प्रदर्शनमा संलग्न भएकोभन्दै प्रहरीले पक्राउ गरेको थियो । तर आरोप प्रमाणितगर्न सकिरहेको थिएन । मिश्रलाई **बाँकी ८ पेजमा**

## अख्तियारका कारण नेपाली कांग्रेसमा हलचल

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठूला पदका ब्यक्तिहरुमाथि कुनै कारवाहीगर्न नसकेकोभन्दै आलोचना भैरहेका बेला तत्कालीन सूचना तथा सञ्चारमन्त्री एवं प्रतिनिधिसभामा नेपाली कांग्रेका सांसद मोहनबहादुर बस्नेतसहितका १६ जनाविरुद्ध विशेष अदालतमा मुद्धादायर गरेको छ । मुद्धादायर गरिएकाहरुमा नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टिकाप्रसाद उप्रेती, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी र अच्युतानन्द मिश्र, प्राधिकरणका **बाँकी ८ पेजमा**

## अखिल (क्रान्तिकारी)द्वारा एकता दिवस मनाइयो

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको बिद्यार्थी संगठन अखिल( क्रान्तिकारी) एकता राष्ट्रिय सम्मेलन आयोजक समितिले ६१औं बिद्यार्थी एकता दिवस मनाएको छ । काठमाडौंको रत्नपार्कस्थित शान्ति वाटिककामा एक समारोहको आयोजनागर्दै सो संगठनले बिद्यार्थी एकता दिवश मनाइएको हो । कार्यक्रममा संगठनका संयोजक महेशश्रेष्ठ, क्रान्तिकारी कम्युनिष्ट पार्टीका स्थायी समिति सदस्य हरिभक्त कंडेलको सम्बोधन गर्नुभएको थियो । संयोजक श्रेष्ठले बिद्यार्थी एकता दिवशको सन्दर्भ बताउँदै बिद्यार्थीहरुले गरेको आन्दोलनको सपना साकार हुननसकेको बताउनु भएको थियो । उहाँले निजीकरण ,व्यापारीकरण र माफिया करणले शैक्षिक क्षेत्र आक्रान्त बनेको उल्लेख गर्नुभएको थियो । कार्यक्रमा श्रमिक कम्युनिष्ट पार्टी नेपालको बिद्यार्थी संगठन अखिल क्रान्तिकारीका सहसंयोजक नवराज विक, महेश श्रेष्ठ नेतृत्वको अखिल क्रान्तिकारीमा प्रवेश गर्नुभएको छ । उहाँलाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिति सदस्य हरिभक्त **बाँकी ८ पेजमा**

## माओवादी केन्द्र सत्ता परिवर्तनको प्रयासमा

काठमाडौं । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र सत्ता समीकरण परिवर्तनको प्रयासमा निरन्तर लागिरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । जसका लागि उसले पछिल्ला दिनमा पार्टीका नेता जनार्दशन शर्मालाई परिचालन गरेको बताइन्छ । वर्तमान गठबन्धन परिर्वतनको प्रयासमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई अन्य विपक्षी दलहरुले पनि अप्रत्यक्ष ढंगले साथ दिइरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । भनिन्छ सत्तागठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसभित्र ठूलो पंक्ति बर्तमान सरकारका काम कारवाहीप्रति रुष्ट छ । प्रधानमन्त्री केपी ओलीको रुखो कार्यशैलीका कारण कांग्रेसका नेताहरुसमेत वर्तमान सरकार लामो अवधि जाननहुने निष्कर्षमा

**समाचार विश्लेषण**

पुग्नथालेका छन् । सत्तारुढ प्रमुख घटक कांग्रेसभित्रको असन्तुष्टि र प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रका अध्यक्षको एकपछि अर्को प्रयासका बाबजुद सत्ता समीकरणको प्रयासले सार्थकताभने पाउन सकेको छ}न । बिभिन्न नियुक्तिका कारण गठबन्धनका दुई दल कांग्रेस र एमालेका बीचमा चुलिएको खटपटलाई आधार बनाएर माओवादी केन्द्रका अध्यक्ष दाहालले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पटक, पटक टेलिफोन सम्वाद गर्नेगरेको रहस्य खुलेको छ । आफ्नो पार्टीको मध्यपहाडी मार्ग केन्द्रित अभियानका लागि डडेल्धुरा पुग्नुभएका दाहालले देउवालाई फोनगर्नुकासाथै सोही समयमा जनार्दन शर्मामार्फत वार्तासमेत गराउनु भएको थियो । प्रेस सेन्टर डडेल्धुराले गत शुक्रबार आयोजना गरेको एक पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले आफूले देउवासँग कुरा गरेको रहस्यसमेत खोल्नु भएको थियो । त्यसक्रममा दाहालले कांग्रेसका पुराना अन्य नेताहरुसहित अन्य राजनीतिक दलका नेताहरुसँग पनि कुराकानी भएको जानकारी दिनुभएको थियो । ०७९ मंसिर चारको को निर्वाचनपछि **बाँकी ८ पेजमा**

## पतञ्जली जग्गा काण्ड चर्किने, माधव संकटमा

काठमाडौं । एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल आफ्नै पूर्ब कार्यका कारण संकटमा पर्दैगएको बताउन थालिएको छ । काभ्रेको पतञ्जलीले लिएको भनिएको जग्गा सम्बन्धमा ठूलो नीतिगत भ्रष्टाचार भएको राजनीतिक [redacted] हुनथालेको छ । जसम[redacted] पूर्व प्रधानमन्त्रीलाई अख्तियारले बयानसमेत लिइसकेको छ । सांसद मनिष झाले संसदमै मन्त्रिपरिषद्बाट धेरै नीतिगत भ्रष्टाचार हुनेगरेको बताउँदै अख्तियारले अब यस्ता नीतिगत भ्रष्टाचारको सशक्तरुपमा अनुसन्धानगरी कारवाही अगाडि बढाउनु पर्ने बताउनु भएको थियो । पूर्व प्रधानमन्त्री भएका कारण उन्मुक्ति पाएका माधवकुमार नेपालसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लिएको बयानको विषयमा संसदमासमेत चर्चा हुनेगरेको छ । यसअघि ललिता निवास प्रकरणमा आफ्नै निवासमा बन्द कोठामा बयान दिएर सो काण्डमा दोषी नदेखाइएका माधवलाई यसपटक अख्तियारले निकै गोप्य तरिकाले पतञ्जली योगपिठको जग्गा अनियमिततासम्बन्धी प्रकरणमा सोधपुछ गरेको थाहाभएको छ । गतसाता मंगलबारको प्रतिनिधि सभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले माधवकुमार नेपालसँग अख्तियारले बयान लिएको प्रशंग उठाउनु भएको थियो । ०४६ सालपछिका सरकारमा सहभागी मन्त्रिपरिषदका सदस्यहरु तथा कर्मचारीहरु सबैको छान[redacted]र्ने माग पनि हुँदैआएको छ । [redacted] सांसद धनराज गुरु[redacted] मंगलबारकै संसदको [redacted] छानबिनको प्रशंग उठा[redacted]को थियो । माधव नेपाल प्रधानमन्त्री भएका बेलाका दुई ठूला काण्ड ललिता निवासको जग्गा प्रकरण र पतनजलीको जग्गा प्रकरण बाहिर आएका छन् । अख्तियारले पतञ्जलीको नाममा हदबन्दी छुटमा जग्गा खरिदगर्न र किनेको दुई महिना नबित्दै गैरकानूनीरुपमा हाउजिङ कम्पनीलाई बेच्ने स्वीकृति दिन माधव नेपाललेनै निर्देशन दिएको र निर्णय गरेको खुलेपछि बयानलिँदा **बाँकी ८ पेजमा**

## द्वन्द...

बैठकले सत्य निरुपण तथा मेलमिलाप आयोगमा पूर्व नायम महान्यायाधीवक्ता महेश थापा बेपत्ता आयोगमा पूर्व मुख्यसचिव लिला गड्तौलाको नेतृत्वको आयोग गठन गरेको थियो । द्वन्द पीडितहरुले सो नियुक्ति अपारदर्शी, स्वेच्छाचारी, अविश्वसनीय, निर्देशित, र दलीय भागबOडामा आधारित भएकोभन्दै बिरोध गरेका छन् । उनीहरुले सो नियुक्ति प्रक्रियाले संक्रमणकालीन न्यायको मूल उद्देश्यलाईनै अवमूल्यन गरेकोभन्दै त्यसलाई सच्याउनुपर्ने माग पनि गरेका छन् । उनीहरुले सार्बजनिक गरेको प्रतिक्रियामा सार्थक परामर्श, सहभागिता, र प्रतिनिधित्वविना भएको नियुक्ति प्रक्रियालाई सर्वथा अस्वीकार्यभन्दै सरकारबाट निगाह वा कर्मकाण्डीय मेलमिलाप नखोजेको, बरु संक्रमणकालीन न्यायको सम्मानजनक र दिगो समाधान चाहेको भनिएको छ । सरकार र छनौट समितिको असहिष्णु व्यवहारले आफूहरुलाई अपमानित बनाएकोमात्र नभई नेपालको संविधानको प्रस्तावनालाईसमेत अपमान गरेको पनि उनीहरुको ठहर रहेको छ । संविधानको प्रस्तावनाले द्वन्दपीडित समुदायको बलिदानी र योगदानलाई उच्च सम्मान गरे पनि यो नियुक्ति प्रक्रियाले त्यसको ठाडो उल्लंघन गरेको उनीहरुको दावी छ । ०७० सालको पुस १८ गते सर्वोच्च अदालतले संक्रमणकालीन न्याय प्रक्रियामा पीडित समुदायको अर्थपूर्ण सहभागिता र स्वतन्त्र आयोग गठनको आदेश दिएको तर त्यसको पालना नगरिएकाले सरकारबाट अदलतको अवहेलासमेत भएको पीडितहरुको जिकिर छ । द्वन्दपीडितहरुले गत बैशाख छगते प्रेस वक्तव्यमार्फत विश्वसनीय, पारदर्शी, र परामर्शयुक्त छनौट प्रक्रिया अपनाउन र छोटो सूचीको मापदण्ड, आधार, र प्रक्रिया सार्वजनिकगर्न माग गरेका थिए । उनीहरुले क्षमतावान र समाजले विश्वास गरेका व्यक्तिहरुलाई सूचीकृतगर्न सिफारिससमेत गरेका थिए । तर, सरकार र छनौट समितिले उक्त मागहरुलाई पूर्णत: बेवास्तागरी अपारदर्शी र यान्त्रिक प्रक्रिया अघिबढाएको भन्दै उनीहरुले आक्रोश व्यक्त गरेका छन् । त्यस्तो व्यवहारका विरुद्ध सिंगो द्वन्दपीडित समुदाय आन्दोलनमा उत्रिएको र पारदर्शी नियुक्ति नहादासम्म विरोध जारीराख्ने उनीहरुको अडान छ । सत्य, न्याय, र परिपूरणको अधिकारको सम्मानजनक प्रचलनका लागि आफ्नो आन्दोलनलाई निर्णायक बनाउने पीडित समुदायले जनाएको छ । उनीहरुले यो आन्दोलनमा आम नागरिक, मानव अधिकार संस्था, जनप्रतिनिधि, अन्तर्राष्ट्रिय समुदाय, र राष्ट्रसंघीय निकायसँग साथ र समर्थनको अपिल पनि गरेका छन् । संक्रमणकालीन न्यायलाई केवल पीडितको सरोकार नभई मुलुकमा दिगो शान्ति र समृद्धिको आधारका रुपमा लिएर सबैले चासो राख्नुपर्ने उनीहरुको आह्वान छ । द्वन्दपीडित समुदायले छनौट समितिबाट सिफारिसभई नियुक्त भएका व्यक्तिहरुलाई जागिरको लालसा त्यागेर नियुक्ति अस्वीकारगर्न आह्वानसमेत गरेका छन् । उनीहरुले संक्रमणकालीन न्याय प्रक्रियाको सफलताको कडी पीडित समुदायको स्वामित्व र विश्वास भएको बुझ्ने व्यक्तिहरुले पीडितप्रति ऐक्यबद्धता जनाउनुपर्ने बताएका छन् । नेकां एमाले र माओवादी केन्द्रको शीर्ष नेतृत्वले देशको शान्ति प्रक्रियानै भाँड्न लागेको आरोपसमेत लगाइएको छ । भनिन्छ सरकारले बनाएको संक्रमणकालीन ऐन समेत अन्तराष्ट्रिय कानून, राष्ट्रसंघको सुझाव र सर्वोच्च अदालतले बेलाबेलामा दिएका नीति निर्देशन र बिभिन्न फैसलाका नजिर बिपरित रहेको छ ।

## आतंकवादी...

प्रभावित नेपाली बिद्यार्थीका परिवारलाई आर्थिक र नैतिक सहयोग प्रदानगर्दै आएको छ, त्यो निरन्तर रहने छ । नेपालीसहित हमासको आक्रमणबाट पीडित भएका सबैहरुसँग ऐक्यबद्धताकासाथ इजरायल उभिएको बताउनु भएको थियो । बहुआयमिक नेपाल इजरायल सम्बन्धबारे चर्चागर्दै उहाँले नेपालको शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार, जलश्रोत, ग्रामीण विकास र सुरक्षालगायत क्षेत्रमा पारस्परिक सहकार्यहुँदै आएको बताउनुभयो । इजरायली राजदूतले चार हजारभन्दा बढी नेपालीले इजरायलका कृषि तथा शैक्षिक केन्द्रबाट तालिम लिएका, नेपालको कृषि आधुनिकीकरण र आर्थिक विकासलाई इजरायल सरकारबाट विशेष सहयोग रहेको तथा आगामी दिनमा सूचना तथा सञ्चार र साइबर प्रविधिका क्षेत्रमा बहुपक्षीय सहयोग विस्तारगर्न तत्पर आफ्नो देशको सरकार तत्पर रहेको बताउनुभएको थियो । इजरायलले सस्तोमा नेपालबाट कामदारहरुको आपूर्ति गर्दैआएको छ । त्यस्तो आपूर्ति तत्काल रोकिएपछि राजदूतका उक्त भनाईहरु बाहिर आएका हुन् ।

## अख्तियारका...

निर्देशक सुरेन्द्रलाल हाडा र दिपेश आचार्य एवं उपनिर्देशक सन्दिप अधिकारी, परामर्शदाता कम्पनीका प्रमुख कार्यकारी अधिकृत जमल अनौती, सोही कम्पनीका स्थानीय प्रतिनिधि दिलीपकुमार गुरुङ र निर्देशक तेजप्रसाद खरेल रहेका छन् । आयोगले टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिष्टम (टेरामक्स) खरिद प्रक्रियामा अनियमितता गरेको आरोप लगाएको छ । आरोपी सबैजना विरुद्ध जनही तीनअर्ब २१ करोड, ८३ लाख, ७७ हजार १८२ बिगो मागदाबी गरेको छ । बस्नेतमाथि संचार मन्त्रीछँदा टेरामक्स खरिद गर्नेक्रममा भ्रष्टाचार गरेको आरोप लगाइएको छ । अख्तियारको सो अभियानलाई लिएर नेपाली कांग्रेसमा ठूलो हलचल शुरु भएको छ ।

## निजामति...

भएको जिकिर पनि गर्नुभएको थियो । उहाँले विधेयक पारितगर्न महत्वपूर्ण सहयोग पुऱ्याउने सम्पूर्णमा धन्यवादसमेत ज्ञापन गर्नुभएको थियो । विधेयकमा कुलिङ पिरियड दुईबर्ष र निजामती कर्मचारीको अवकाशको उमेर हद ५८ बाट ६० बर्ष पुऱ्याइएको भनिएको थियो । पछिल्लो समयमा सरकारका कर्मचारीहरुको उमेरको हद बिभिन्न रहँदैआएको छ । जसलेगर्दा सरकारी अधिकारहिरुका बीचमै बिवाद हुनेगरेको छ । दफावार छलफलका लागि समितिमा पुगेको एक बर्षपछि सो विधेयकलाई परिमार्जनसहित टुंगो लगाइए पनि संसदबाट पारित हुन बाँकी रहेको छ । संसदीय समितिबाट पारित विधेयकमा कर्मचारीले अवकाशपछि दुईबर्ष सार्वजनिक नियुक्ति लिन नपाउनेगरी कुलिङ पिरियडको व्यवस्था गरिएको छ । निजामती सेवाबाट अवकाश भएलगत्तै संवैधानिक, राजनीतिक, कूटनीतिकलगायत पदमा नियुक्ति खाने प्रवृत्ति रोक्न कुलिङ पिरियड राखिएको बताइन्छ । निजामती सेवामा अतिरिक्त सचिव रहने प्रबन्ध पनि छ । समितिको गत शुक्रबारको बैठकमा गृहमन्त्री रमेश लेखकले दुईबर्षका लागि कुलिङ पिरियड मान्ने सरकारको निर्णय सुनाउनु भएको थियो । कर्मचारीको अवकाश हुने उमेर दुईबर्ष बढाउने निर्णय कार्यान्वयन विधिमाभने समिति आगामी आर्थिक बर्षमा अनिवार्य अवकाशमा जानलागेका मुख्यसचिव, सचिव र सहसचिवको दबाबमा परेको सूत्रहरुले उल्लेख गरेका छन् । लोक सेवा आयोगले 'यो ऐन प्रारम्भ भएको मितिले निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेर चालु आर्थिक बर्षसम्म ५८ बर्ष, त्यसपछिको पहिलो छमहिनासम्मका लागि ५८ बर्ष छमहिना, त्यसपछिको दोश्रो एकबर्षसम्मका लागि ५९ बर्ष र त्यसको एकबर्षपछि सबै कर्मचारीको उमेर ६० बर्ष कायम हुने व्यवस्थागर्न लिखित सुझाव दिएको थियो । उच्चपदस्थ कर्मचारीले भने आफ्नो कार्यकाल कम्तीमा एकबर्ष बढाउन समितिलाई बिभिन्न राजनीतिक शक्तिकेन्द्रमार्फत दबाब दिँदैआएका थिए । जसको जनस्तरबाट बिरोध शुरुभएको छ ।

## अखिल....

कंडेलले कमल र तारा अंकित झण्डा हस्तान्तरणगर्दै स्वागत गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन संगठनका कार्यालय सदस्य नेत्रबहादुर शाहीले गर्नुभएको थियो । कार्यक्रम शुरु हुनुभन्दा पहिले जुलुश गरिएको थियो ।- जुलुश शान्तिवाटिका, जमल ,घण्टाघरहुँदै पुन: शान्तिवाटिका मै आएर सभामा परिणत भएको थियो ।

## माओवादी....

सम्पन्नगरेको माओवादी केन्द्रले अब मध्यपहाडी मार्गमार्फत भूगोलसँगै जनसम्पर्क विस्तारगर्ने जनाएको छ । अभियानले बिभिन्न जिल्लामा कार्यकर्ता भेला, जनसभा र विकासको आवश्यकतासम्बन्धी छलफलगर्नेछ । यसले संगठन सुदृढीकरण, जनसम्पर्क विस्तार र आगामी राजनीतिक एजेन्डा प्रस्तुतगर्ने अवसरकारुपमा लिएको छ । अभियानले बिभिन्न जिल्लामा कार्यकर्ता भेला, जनसभा र विकासको आवश्यकतासम्बन्धी छलफलगर्ने बताइएको छ । माओवादी केन्द्रले ०७९ पछि यस्ता अभियान बारम्बार सञ्चालनगर्दै आएको छ । तर प्राय: अभियानहरु बीचैमा रोकिने गरेका छन् ।

## नेपालमा....

इष्ट ईन्डिया कम्पनीका कारण भारत करिब २०० बर्ष पराधीन बनेको सन्दर्भ उल्लेखगर्दै नेपालमा पनि अहिले त्यस्तै अवस्था आएको दाबि गर्नुभएको थियो । उहाँले पार्टीलाई क्रमश: चन्दाबाट मुक्तगर्ने उदेश्यले उत्पादनमा फर्किएको बताउदै त्यस अनुसार उत्पादन सम्बन्धि नीति बनाएको बताउनु भएको थियो । उहाँले बिभिन्न अध्ययनहरुले तराईको जमिनबाट मात्रै १२ करोड लाई खान पुऱ्याउन सकिन्छ । तर अहिले तीन करोडमात्रै जनसंख्यालाई पनि पुगेको छैन । त्यो अवस्थालाई बदल्न पार्टीका नेताकार्यकर्ता श्रमशील बनाएर मात्रै जनता र समाजको वास्तविकता बदल्न सकिन्छ पनि भन्नुभएको थियो ।

## समाजवादी...

थप कमजोर हुने देखिएको बताउँदै राजावादीले संविधानलाई कुल्चिएर हिँडिरहेको अवस्थामा क्रान्तिकारी पार्टीहरुले संसद र गणतन्त्रलाई उपयोग गर्छु भन्न सक्नुपर्ने दाबि पनि गर्नुभएको थियो ।

## मिश्र....

गैरकानूनीरुपमा थुनामा राखिएकोभन्दै सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता भएपछि उहाँ रिहा हुनुभएको हो । उहाँलाई सर्वोच्च अदालतले हाजिर जमानीमा थुनामुक्तगर्न आदेश गरेको थियो । अदालतको आदेशमा हालसम्मको अनुसन्धान तह किकातको अवस्थालाई हेर्दा निज निवेदकसँग सम्बन्धित अधिकांश प्रमाण संकलन सम्पन्न भइसकेको, थप प्रमाण संकलन गर्नुपर्ने भए सो बमोजिम संकलनगर्न पनि नसकिने अवस्था नरहेको तर, निजलाई हिरासतमै राख्नुपर्नेसम्मको अवस्था नदेखिँदा पछि मुद्धाचल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजी गरेका बखत उपस्थित गराउनेगरी निजका कानून व्यवसायीको जिम्मा लगाई तत्काल थुनाबाट मुक्त गरीदिनु भनिएको छ । मिश्रकातर्फबाट श्रीमती सारिका कार्कीले सर्वोच्चमा रिटदायर गर्नुभएको थियो । मिश्रको रिहाइको मागगर्दै राप्रपाले बिभिन्न कार्यक्रम गर्दैआएको थियोभने ललितपुरको जावलाखेलमा रिले अनशन पनि भएको थियो । उहाँसँगै पक्राउपरेका धवल शम्शेर राणा उपचारका लागिभन्दै पहिलेनै हाजिरी जमानीमा छुटिसक्नु भएको थियो । हाल काठमाडौं प्रहरीको हिरासतमा राप्रपाका दर्जनौ नेता तथा कार्यकर्ताहरु रहेका छन् ।

## पतञ्जली....

कतिपयले होहल्ला मच्चाउने प्रयास गरेको देखिएको थियो । ०६६ सालमा भारतीय योगगुरु रामदेवको पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीले काभ्रेको बनेपामा ५९३ रोपनी जग्गा खरिदगरी ३५३ रोपनी हाउजिङ कम्पनीलाई बेचेको थियो/ . माधव नेपाल ०६६ साल जेठ ११ गतेदेखि ०६७ साल माघ २२ गतेसम्म प्रधानमन्त्री हुनुभएको थियो । उहाँले पतञ्जलीलाई हदबन्दीमा जग्गा खरिदगर्न दिन ०६६ साल माघ १८ गते मन्त्रिपरिषद्बाट निर्णय गराउनु भएको थियो । त्यसको दुईमहिना नबित्दै ०६६ साल चैत छगते मन्त्रिपरिषद्बाट अर्को निर्णय गराई बेच्न स्वीकृति दिलाउनु भएको थियो । तत्कालीन प्रधानमन्त्रि माधव नेपालले भूमिसुधार मन्त्री डम्बर श्रेष्ठलाई उक्त निर्देशन दिएको तथ्यसमेत फेलापरेको छ । श्रेष्ठको भने निधन भैसकेको छ । त्यतिबेला मुख्य सचिव माधव घिमिरे र भूमिसुधार सचिव छविराज पन्त रहनुभएको थियो । माधव नेपालको मौखिक निर्देशानुसारभन्दै तत्कालीन मन्त्री श्रेष्ठले ०६६ साल चैत ?एकगते पत्रलाई सदर गर्नुभएको थियो । माधव नेपालको पछिल्लो काण्ड सार्बजनिक भएपछि राजनीतिक क्षेत्रमा ठूलो दौडधुप थालिएको र कतिपय भारतीय नेताहरुसमेत उहाँको बचाउमा काठमाडौं आएको बताउने गरिएको छ ।

## माओवादी....

प्रतिनिधि सभाको ठूलो दल भएका नेपाली कांग्रेस पटक, पटक सत्ता साझेदार दलको भूमिकामा रहँदै आएको छ । कांग्रेसलेभने माओवादी केन्द्रका अध्यक्ष दाहाल र एमालेका अध्यक्ष ओलीलाई पालैपालो प्रधानमन्त्रीका रुपमा समर्थन गरेको छ । अब आफू नेतृत्वमा पुग्ने तयारीमा जुटेको छ । गतबर्ष असार १७ गते एमालेका अध्यक्ष ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भएको सहमतिअनुसार अब १४ महिनापछि कांग्रेसले सरकारको नेतृत्वगर्न पाउने अवस्था छ । त्यसैगरी माओवादी केन्द्रका अध्यक्ष दाहालले ०८४ को निर्वाचनअघि एमालेसँग एकताको कुनै सम्भावना नभएको दाबी पनि गर्नेगर्नुभएको छ । प्रेस सेन्टर डडेल्धुराले गत शुक्रबार सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमासमेत अध्यक्ष दाहालले तत्काल एमालेसँगको एकता अस्वीकारगर्दै आफूहरुले पहिल्यै वामपन्थी एकता होस्भनेर चाहना राखेकै हो । प्रस्ताव गरेको पनि हो । भएको पनि हो । तर, त्यो तोडियो । फेरि पनि एकपटक हुन्छ त भनेर बल गरेको हो । तर, नराम्रोसँग धोका खाइयो । पार्टीलाईमात्र होइन जनतालाई पनि धोका दिइयो । त्यसकारण इनफ इज इनफ । अहिले तत्काल त्यो सम्भावना छैन भन्नुभएको थियो । के भनिन्छभने पार्टीमासमेत अल्पमतमा पर्दैगएका कारण माओवादी केन्द्रका अध्यक्ष दाहालले जनार्दन शर्मालाई सरकारमा थन्क्याएर आफू पार्टीको नेतृत्वमा एकछत्र राजगर्ने तयारीमा रहनुभएको छ । तर उहाँको प्रयास जहिले पनि असफल हुँदैआएको छ ।

# एमालेमा मदन आश्रितको संझना

## गलत बिचारका आधारमा वाम एकता नहुने

काठमाडौं । एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्रि केपी ओलीले सही बिचारबिना धेरैतिर फर्किएकाहरुलाई वामपन्थी एकतामा ल्याउन नसकिने बताउनुभएको छ । एमालेका तत्कालीन महासचिव मदन भडारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको स्मृति दिवसका अवसरमा हिजो शनिबार मदननगर बल्खुमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले उपरोक्त कुरा बताउनु भएको हो । उहाँले सही कुरालाई पनि विरोध गरेर बखेडा निकाल्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा इतिहासदेखि नै देखापर्दै आए । खास बैचारिक भिन्नता नभए पनि व्यक्तिगत स्वार्थका आधारमा दुई लाइनको कुस्ती चलाइयो । पार्टी विभाजन गरेर नामका लागि एकीकृत राख्ने प्रवृत्ति पनि छ । पार्टी प्रवृत्तिभने सही धारमै जान खोज्दै आयो । मदन भण्डारीको अगुवाइमा ल्याइएको जनताको बहुदलीय जनवादको बिचारले कम्युनिष्टहरु निरंकुश हुन्छन्भन्ने हामीमाथिको आरोपलाई खण्डन गऱ्यो । यो बिचार राजनीतिक लोकतन्त्रका लागिमात्र होइन आर्थिक र सामाजिक तथा मानव अधिकारका प्रश्नमा समेत राष्ट्रिय नीतिका रुपमा स्थापित भइसकेको छ । यसै जगमा हामीले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आक्यांक्षा पूरागर्न हामी लाग्नुपर्नेछ भन्नुभएको थियो । प्रधानमन्त्री ओलीले आफूहरुले शक्तिका श्रोत जनतानै हुन्भन्ने मान्यताकासाथ जनताको शासन कायमगर्न खोजिएको उल्लेखगर्दै देशभक्ति, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय अखण्डताको मार्गलाई आफूहरुले कहिल्यै नछोडेको बताउनु भएको थियो । उहाँले एमालेको नेतृत्वलाई बदनाम गरेर ढाल्न सकिने पार्टी ढाल्न सकिन्छभन्ने तत्वहरुले अनेक षड्यन्त्र गरेपनि एमाले हरेक परिस्थितिको सामनागर्न तयार रहेकाले कार्यकर्ताहरुलाई एकताबद्ध भएर ढुक्का साथ अघिबढ्न आग्रह पनि गर्नुभएको थियो । एमालेले अग्रगतिका लागि निस्क्रिम कामना होइन, सक्रिय हस्तक्षेपको नीति लिँदैआएको बताउँदै उहाँले विश्वमा दक्षिणपन्थ, जातीयता र अराजकतावादका कारण आन्दोलनमा क्षतिभएको उल्लेखगर्दै आफूहरुले त्यस्ता कमीकमजोरी नगरी विविधतालाई सांस्कृति समृद्धि मानेर एकता र शान्तिपूर्ण प्रतिश्पर्धाको बाटो लिएको बताउनुभएको थियो । विगतमा आफूले सरकारको नेतृत्वगर्दा पनि पार्टीभित्रकै विग्रहवादी तत्वका कारण सरकार ढाल्ने र अदालतको आदेशबाट सरकार गठन गराउने गलत अभ्यास भएको पनि उहाँले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, आश्रित पत्नी माया ज्ञवालीलगायत सहभागी हुनुहुन्थ्यो । पछिल्लो समयमा एमालेमा मदन भण्डारी र जीवराज आश्रितको संझना धेरै हुन थालेको छ । उहाँहरुले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादका कारण त्यसैरी संझना भएको हो । ।


## मनसुनजन्य विपद्बाट बच्ने उपाय

❖ आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,

❖ बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,

❖ पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,

❖ घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,

❖ आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,

❖ विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,

❖ विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,

❖ सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-३१ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १७७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपालमा हराउँदै गएको राष्ट्र र राष्ट्रिय एकताको चिन्ता र चासो

**नेपालमा पछिल्लो समयमा राष्ट्र र राष्ट्रिय एकताको चिन्ता हराउँदै गएको देखिएको छ। खासगरी हालै संसदबाट पारित भएको सरकारको नयाँ नीति तथा कार्यक्रम र छलफलमा रहेको आगामी आबको बजेटका सार्बजनिक भएका कतिपय प्रावधानहरुले उपरोक्त कुराको पुष्टिगरेका छन्। भूराजनीतिक बनोट र देशको आर्थिक एवं सामाजिक अवस्थालेगर्दा खासगरी संसदमा रहेका सबै दलको ध्यान सहमतीय आधारमा राजनीतिगर्ने र देशको विकास र परिवर्तनलाई तीब्रता दिनेमा केन्द्रित रहनुपर्ने हो। जब, जब नेपालमा विदेशी हस्तक्षेप बढ्दै जान्छ तब, तब यहाँ राष्ट्रिय एकता र मेलमिलापको वातावरण धमिलिने गरेको छ। पछिल्लो पटक मुख्यत नेपाली कांग्रेसले सरकार गठनका सन्दर्भमा जुन निर्णय गरेको थियो, त्यो धेरै परिपक्व निर्णय हुनपुगेको छ। देशका संघीय शासन लागूगराउने, साना दल जतिलाई सरकारमा र ठूला दल जतिलाई सडकमा पुऱ्याएर देशलाई अस्तब्यस्त बनाउने जुन प्रपञ्च भैरहेको थियो, त्यसलाई नेपाली कांग्रेस र एमालेले निरुत्साहित गरिदिएका छन्। तर उनीहरुलेसमेत त्यस्तो अवस्थाको पूर्णरुपमा अन्त्य गर्न/गराउन सकेका छैनन्। समयक्रममा त्यस्तो अवस्थाको अन्त्य हुने छ। नभएपनि दलहरु अन्त्यगर्न बाध्य हुनेछन्। गतसाता भारत र पाकिस्तानका बीचमा युद्धहुँदा नेपालका दलहरु जसरी प्रस्तुत भए त्यसले राम्रो सन्देश प्रवाह गरेको थिएन।**

**उक्त युद्ध आफैमा रहस्यमय ढंगले शुरुभएको थियो। त्यस्तो अवस्थामा नेपालले आफ्नो घोषित असंलग्न परराष्ट्र नीतिको अनुशरण गरेर अगाडि बढ्नुपर्नेमा यहाँको सरकार र सत्तारुढ दलहरु एकपक्षिय ढंगले भारतको पक्षमा प्रस्तुत भएका थिए। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र आफै ठीक ढंगले प्रस्तुत हुनसकिरहेको थिएनभने तराई केन्द्रित दलहरुले खुलेरै भारतको समर्थन गरेको देखिएको थियो। जसका कारण सीमा क्षेत्रमा दबाबहरु बढ्दैगएको देखिएको थियो। नेपाललाई अघोषितरुपमा नाकाबन्दी लगाउने प्रयासहरु थालिएका थिएभने कैयन नेपालीहरु सीमामा लुटिएका समाचारहरु पनि बाहिर आएका थिए। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको बिशेष प्रयासमा करिव चारदिनमै भारत-पाकिस्तान युद्ध किनारा लाग्न बाध्यभएको थियो। अमेरिका लगायतका विश्वका बिभिन्न मुलुकका भारत-पाकिस्तान युद्धका बारेमा आआफ्नै दृष्टिकोणहरु थिए होलान। तर उक्त युद्ध बिरामले नेपाललाई ठूलो राहत दिएको देखिएको छ। उक्त दुई मुलुक युद्ध बिरामगर्न बाध्य भएपनि नेपालको जनजीवन बिस्तारै सामान्य बन्दै गएको छ। खासमा नेपालले भारत र पाकिस्तानजस्ता छिमेकी र कुटनीतिक सम्बन्ध भएका देशहरु युद्धमा होमिएको अवस्थामा ततष्ट भूमिका देखाउनुकासाथै वार्तामा जोड दिन सक्नुपर्थ्यो। जसले देशको भाबि राजनीतिलाई टेवा दिन्थ्यो।**

**हुन त उक्त युद्ध रोकिएपछि नेपालका कतिपय नेताहरुले आफूहरुको प्रयास र आह्वानमा सो युद्ध रोकिएको दाबिगर्ने प्रयास पनि नगरेका होइनन्। तर जो जस्ले त्यस्तो प्रयास गरे, त्यो आफैमा हास्यास्पद रहेको छ। भाबि दिनमा पनि यस्ता घटनाहरु आउन सक्छन्। त्यसैले नेकां र एमालेजस्ता ठूला पार्टी सम्मिलित बर्तमान सरकारले राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई स्थापित गराउन सक्नुपर्ने देखिएको छ। कतिपयले विश्वव्यापीकरणले सारा संसारलाई एउटै सूत्रमा बाँध्ने आशा गरेका थिए। तर पछिल्ला घटनाक्रमहरुले त्यसलाई मिथ्या साबित गरिदिएका छन्। किनकी विश्वका सबै मुलुकहरुका आआफ्नै बिशेषता र इतिहास रहेका छन्। त्यसै आधारमा अगाडि बढेरमात्र ति मुलुकहरुको उन्नति र प्रगति हुनसक्छ। दक्षिण एशियाका सन्दर्भमा नेपाल भारत र पाकिस्तानभन्दा पुरानो र बेग्लै पहिचान भएको मुलुक हो। जसले आफ्नो गौरवपूर्ण इतिहासको सबै स्मरण गरेको हुनुपर्दछ। विश्वका बिभिन्न राष्ट्रहरु आफ्नै स्वार्थमा बढी केन्द्रित देखिन्छन्। यो स्वाभाबिक पनि हो। तर नेपाल लगायतका कतिपय मुलुकहरु विदेशीको मुखताक्ने अवस्थामा पुगेको देखिएको छ। जुन सरासर गलत प्रबृत्ति हो। त्यसैले हाल नेकां र एमालेजस्ता दुई ठूला पार्टीसमेत सम्मिलित शक्तिशाली सरकारले राष्ट्र र राष्ट्रियताको पक्षमा नयाँ थालनीहरुगर्दै आफ्नो शक्ति प्रदर्शनगर्न सक्नु आजको प्रमुख आवश्यकता भएको छ।**

# बर्तमान सरकारमा देखिएको बिधि र पद्धतिको संकट

**देश/परिवेश** डा. केशव देवकोटा

देशमा नेपाली कांग्रेस र एमालेलगायतका संसदका कूल १४ मध्ये सातवटा पार्टीको सरकार रहेका कारण यसलाई सबैले नेपालको इतिहासकै सबैभन्दा शक्तिशाली सरकार मान्ने गरेका छन्। सांसद संख्याका हिसाबले यो सरकार झण्डै दुई तिहाइको नजिक रहेको छ। सरकारमा रहेका नेकां र एमालेका शीर्ष नेताहरु खासगरी नेकांका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी ओलीका बीचमा कुनै बिवाद नरहेका कारण तत्काल सरकार ढल्ने कुनै संभावना छैन। ०७९ मंसिर चारको निर्वाचनमार्फत नेपाली जनताले कांग्रेस र एमालेलाई आपसमा मिलेर सरकार गठनगर्न जनादेश दिएका थिए। नेपाली कांग्रेसको नेतृत्वले शुरुमै जनादेश बुझ्न सकेको भए दुई पार्टीको मात्र शक्तिशाली सरकार बन्नसक्ने अवस्था थियो।

त्यतिबेला एमालेले नेपाली कांग्रेसलाई आपसमा मिलेर सरकार गठनगर्न आग्रह पनि गरेको हो। मंसिर चार अघिको सहमतिअनुसार नेपाली कांग्रेसले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन गराउनुपर्ने अवस्था थियो। तर नेकांका केही नेताहरुले संसदको सबैभन्दा ठूलो पार्टीको हैसियतले आफ्नै अल्पमतको एकल सरकार गठनगर्ने प्रयासगर्दा ०७९ पुस १० गते एमालेको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष दाहालको नेतृत्वमा सरकार गठन हुनपुगेको थियो। सो सरकार अप्राकृतिक थियो। तर पनि एमाले र माओवादी केन्द्रको सहमति अनुसार अगाडि बढेको भए देशमा धेरै हदसम्म राजनीतिक स्थायित्व कायम हुनुकासाथै विकासका कामले पनि गति लिनसक्ने थिए। तर पुष्पकमल दाहालको भारतीय संलग्नताका कारण भारतीय विदेशमन्त्रिको नेपाल भ्रमणकोलगत्तै एमालेलाई हटाएर नेपाली कांग्रेसलाई सरकारमा भित्र्याउने कामहरु भए। त्यतिमात्र भएन भारत निकट मानिएका नेकांका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाउने र जन्मका आधारमा नागरिकता दिने नीति पारित गराएर झण्डै ४० लाख भारतीय नागरिकका छोराछोरीलाई नेपाली नागरिकता दिलाउने कामहरु पनि भए। नेपाली उद्योग/व्यवसायलाई तीब्ररुपमा बिस्थापित गराएर विदेशीहरुलाई भित्र्याउने प्रयासहरु पनि भएका थिए। बिदेशी लगानी अपेक्षितरुपमा भित्रिन सकेन, त्यो अर्कै कुरा हो। नेकां र माओवादी केन्द्रको गठबन्धन सरकार अघि बढिरहेका बेला फेरी एमालेलाई भित्र्याएर नेपाली कांग्रेसलाई सरकारबाट हटाउने काम भयो। त्यसपछि संसदमा केबल ३२ सिट भएको माओवादी केन्द्रको नेतृत्वले पूरै पाँचबर्ष प्रधानमन्त्रि पद हत्याउने खालका सपना देख्नथालेको थियो। ०८० को फागुनमा नेकांलाई हटाएर एमालेलाई सरकारमा भित्र्याएका तत्कालीन प्रधानमन्त्रि दाहालले करिव चार महिनामै फेरि एमालेलाई हटाएर नेकांलाई भित्र्याउने प्रयास थालेपछि अवसरवादलाई अपनाएकै कारण सो पार्टी टुक्रा, टुक्रा भएर टुटेको हानेभने संसदमा ३२ सिटमा झरेको हो। त्यसैले राजनीतिमा सुझबुझपूर्ण निर्णय र आफ्नो निर्णयमा अडिग रहने इमान्दारिता प्रदर्शन गरिएकै हुनु आवश्यक छ। जसलेगर्दा नेकां र एमालेको यो गठबन्धन टुट्ने कुनै संभावना पनि छैनभने टुट्नु पनि हुँदैन। तर यो सरकारले पनि सरकार सञ्चालनमा बिधि र पद्धतिको राम्रो प्रयोग गर्न/गराउन सकिरहेको छैन। जसलेगर्दा जनमानसमा जुन जोगी आएपनि कान चिरेकोभन्ने नेपाली उखानको संझना भैरहेको छ। खासमा नेकां र एमाले हाल संसदका पहिलो र दोश्रो पार्टीमात्र पनि होइनन्। उनीहरु अनुभवी संसदवादी पार्टी मानिन्छन्। कुनैबेला नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलापको नीतिकासाथै नेकां र एमाले मिलेर यो सरकार गठन गरेका हुन्। त्यसअर्थमा यो सरकार आगामी ०८४ सम्म टिक्नुको अर्को बिकल्प देखिएको छैन। हालको अवस्थामा नेपाली कांग्रेसको नेतृत्वले एमालेलाई हटाएर माओवादी केन्द्रलाई भित्र्याउन चाहेको पनि देखिँदैनभने एमालेलाई हटाएर नेपाली कांग्रेसले सहज ढंगले सरकार चलाउन सक्ने अवस्था पनि छैन। त्यसैगरी फेरी एमाले र माओवादी केन्द्र मिलेर सरकार बनाउभन्ने संभावना पनि रहेको छैन। नेकां र एमालेको सहमतिअनुसार केपी ओली १० महिना प्रधानमन्त्रि भैसक्नु भएको छ। अब केही महिनापछि उहाँले नेकांका सभापति देउवालाई सत्ता हस्तान्तरण गर्नुपर्ने अवस्था छ।

बाहिर हल्ला चलेजस्तो एमालेले सरकारको नेतृत्व नछाड्नेभन्ने कुनै संभावना छैन। किनकी ०८४ को निर्वाचनको मुखमा एमालेले नेकांसँगको सहमति तोडेर सरकारको नेतृत्व नछाड्ने प्रपञ्च गरेको खण्डमा उसको अवस्था हालको माओवादी केन्द्रकोजस्तो हुने निश्चित छ। राजनीतिमा अवसरवाद एक प्रकारको महारोग मानिन्छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ०६३ को परिवर्तनपछि मार्क्सवादलाई छाडेर प्रजातान्त्रिक समाजवादको नारा अवलम्बन गरेको थियो। त्यसैगरी एमालेले पनि ०४६ को परिवर्तनपछि जनताको बहुदलीय जनवादको नीति अख्तियार गरेको हो। उपरोक्त दुवै नाराको सार भनेको एउटै हो। एमाले नाममात्रको कम्युनिष्ट पार्टी हो। जसले धेरै पहिले मालेमाको सिद्धान्त परित्याग गरिसकेको थियो। त्यसैले नीतिगतरुपमा नेकां र एमालेका बीचमा धेरै सामन्जस्यताहरु रहेका छन्। हुन त गत ०७९ मंसिर चारको निर्वाचनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि रोल्पा र रुकुमका बिभिन्न माओवादी प्रभावित क्षेत्रहरुमा गएर नेपाली कांग्रेस र माओवादी केन्द्र भनेका उस्तै पार्टी भएको प्रचारगर्दै नेपाली कांग्रेसका लागि मत माग्नुभएको थियो। जुन दृश्य र बिवरणहरु बिभिन्न सञ्चार माध्यममा समेटिएका पनि छन्। त्यसैले नेपालको माओवादी केन्द्र पनि नाममात्रको कम्युनिष्ट पार्टी रहेकोमा द्विविधि छैन। पार्टीको नामको पछाडि माओवादी राखेर उसले एउटै तिरले दुई शिकारगर्ने काम गरिरहेको छ। एकातिर उसले माओवादको चरम बदनाम गरेको छभने अर्कातिर नेपालको कम्युनिष्ट आन्दोलनलाई सकमेसम्म बिथोल्ने कामगर्दै आएको छ। नेपालमा जनयुद्धको जसरी दुरुपयोग गरियो र ०६३ पछि माओवादीका नाममा जेजस्ता गतिबिधि भए, त्यसले नेपालको समग्र कम्युनिष्ट आन्दोलनलाईनै रक्षात्मक अवस्थामा पुऱ्याउने काम गरेको छ। तर माओवादी केन्द्रका अध्यक्षले द्वैधचरित्र प्रदर्शन गर्नेगरेकाले संसदीय राजनीतिमा सो पार्टीलाईभन्दा एमालेलाई बढी बिश्वसनीय मानिन्छ। त्यसैले नेपालको सत्ता राजनीतिमा अब माओवादी केन्द्रका लागि पतन बाहेक अर्को बिकल्प छैन। आगामी निर्वाचन अगाडि सो पार्टीले आफ्नो नामबाट माओवादी शब्द र पार्टीको अध्यक्षबाट पुष्पकमल दाहाललाई हटाउन सक्यो भनेमात्र केही हदसम्म सुधार हुनसक्छ। यस्तो अवस्थामा नेपाली कांग्रेस र एमालेले छुटपटाउनुपर्ने कुनै कारण देखिएको छैन। उनीहरुले हालको अवस्थामा दुईवटा कुरामा ध्यान दिनु उपयुक्त हुन्छ। पहिलो देशमा बिधि र पद्धति अनुसार काम गर्ने/गराउने परिपाटीको स्थापना गराउने। दोश्रो गत असार १७ गते दुई पार्टीकाबीचमा भएको सातबुँदे सहमतिको सकेसम्म कार्यान्वयन गर्ने। हाल नेपाल राष्ट्रबैंकको गभर्नरको नियुक्तिलाई लिएर जेजस्ता घटनाहरु भएका छन्, त्यसले नेकां र एमाले दुवैको हुनसम्मको बदनाम भएको छ। जसमा स्वार्थ देखिएका कारण अब बर्तमान सरकारले सहजै गभर्नरको नियुक्ति पनि गर्न सक्दैनभने हाल बिवादमा आएका ब्यक्तिलाई सो पदमा नियुक्त गरेर पनि काम गर्न/गराउन सकिने अवस्था रहँदैन। त्यसैले सबै पदमा नियुक्तिका लागि सर्वमान्य हुने खालको बिधि र पद्धति संसदबाटै पारित गराएर अगाडि बढ्नु उपयुक्त हुने देखिएको छ। जसले नातावाद र कृपावादको परंपरालाई सम्पूर्णरुपमा तोड्न सकोस। यदि नेपाल राष्ट्रबैंकको गभर्नर बिधि र पद्धतिको प्रयोग नगरी भागबण्डाका आधारमा नियुक्त गरियोभने भविश्यमा पनि सो नजिर रहने र त्यस्तै अवस्था आए सरकार ढल्ने कारणसमेत बन्न सक्ने देखिएको छ। यसरी बिभिन्न लाभदायी पदहरुमा भागबण्डागर्ने कुनै संसदीय राजनीतिको मूल्य मान्यताअनुसारको कुरा होइन। सकेसम्म आर्थिक कुरामा जोडदिने, त्यो **बाँकी ७ पेजमा**

# संरचनात्मक सुधारमा सरकार उदासिन भएको दाबि

काठमाडौं। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका नेता जनार्दन शर्माले चालु खर्च घटाउँदै संरचनात्मक सुधारमा ध्यानदिन सरकारलाई सुझाव दिनुभएको छ। प्रतिनिधिसभाको बैठकमा आब ०८२/०८३ को लागि विनियोजन विधेयकमा सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भागलिँदै उहाँले अर्थतन्त्रको संरचनात्मक पुन: संरचनामा जोड दिनुभएको थियो। उहाँले जनअपेक्षा पूरागर्ने श्रोत हामीसँग छैन, त्यो श्रोत कहाँबाट ल्याउने ? बजेटको ६५ प्रतिशत चालु खर्च जानेगरेको छ। बाँकी पूँजीगत खर्च हो, त्यो पनि खर्च हुँदैन, चालु खर्चलाई ३५ प्रतिशतमा झार्नेगरी आओस् हाम्रो समर्थन हुन्छ। त्यसका लागि संरचनागत पुन:संरचना आबश्यक छ। राजनीतिक र प्रशासनिक खर्च घटाउनुपर्छ भन्नुभएको थियो। मुलुकले आर्थिक पुन:संरचना खोजिरहेको उल्लेखगर्दै नेता शर्माले त्यसका लागि राष्ट्रिय बहस र राष्ट्रिय सहमति आवश्यक भएको बताउनुभयो। उहाँले विनियोजित बजेटबाट परिणाम हासिलगर्न संरचनागत सुधार बाधक बनिरहेको छ। संरचनागत सुधारमा सरकार कठोर ढङ्गबाट प्रस्तुत होस्, यसमा माओवादीको समर्थन हुन्छ भन्नुभएको थियो। बजेट आम्दानी र खर्चको फाँटबारीमात्रै नभएर देशको समृद्धि, सामाजिक न्याय, असमानता अन्त्यगर्ने दस्तावेजका रुपमा प्रस्तुत हुनुपर्नेमा उहाँको जोड छ। मुलुकका बिभिन्न भागमा भूकम्पबाट भएको क्षतिको पुननिर्माणका लागि बजेट बिनियोजनगर्न सरकारलाई सुझावदिँदै उहाँले जनजीविकाका सबाल सम्बोधनगर्ने र ब्याप्त निराशा चिर्नगरी अघिबढ्न सरकारलाई आग्रह गर्नुभएको थियो। शर्माले डिजिटल शैक्षिक प्रणाली, स्वास्थ्य बीमाको आकार र दायरा वृद्धि, सातै प्रदेशमा एक,एक लाखलाई उन्नत तालिम प्रदान, कृषिमा लगानी वृद्धि गरी रोजगारी सिर्जना, खानेपानी र ग्रामीण सडकको जिम्मेवारी समुदायमा हस्तान्तरणगर्न सुझाव दिनुभएको थियो। उहाँले तुलनात्मक लाभका क्षेत्र पहिचान गरेर बजेटमा विशेष ब्यवस्थागर्न आग्रहगर्दै फलाम उत्खनन गरेर आत्मनिर्भर हुनसकिने बताउनुभएको थियो। उहाँले आगामी दशक पानीको बहुआयामिक प्रयोग र जलाशययुक्त आयोजना निर्माणको दशक बनाउन आह्वान गर्दै कर्णाली चिसापानीमा विदेशी ऋण लिऔं, हुम्ला कर्णाली र मुगु कर्णालीमा विप्रेषण खर्च गरौं, माथिल्लो अरुणमा जनताको लगानी गरौं भन्नुभएको थियो।

# चीनतर्फको कोरलानाका सञ्चालनमा समस्या

काठमाडौं। नेपालको चीनतर्फको कोरलानाका सञ्चालनमा समस्या देखिएको जानकारहरुले बताएका छन्। लामो समयसम्म अध्यागमन कार्यालय सञ्चालन हुननसक्दा यसको मार स्थानीय ब्यापारीलाई परेको देखिएको छ। भनिन्छ नेपालतर्फको अध्यागमन कार्यालयमा ताला नै लागेको छ। कार्यालय कहिलेदेखि सञ्चालनमा आउँछ भन्ने कुनै ठेगान छैन। सो नाका सञ्चालन हुनका लागि भन्सारकासाथै आवश्यक पशु तथा खाद्य क्वारेन्टाइन स्थापना भएको छैन। भन्सार कार्यालय सञ्चालनमा आउन क्वारेन्टाइन सञ्चालन आवश्यक रहेको जानकारहरुको भनाई छ। स्थानीयहरुको भनाई अनुसार सरकारले कोरलानाको सञ्चालनका लागि सक्रियता नदेखाउँदा समस्या आएको भन्ने छ। नाकामा सुरक्षा ब्यवस्था पनि राम्रो छैन। नाका नजिकै दक्षिणतर्फ नेपालले टिनले छाएको चारकोठे भवनबाहेकका पूर्वाधार नहुँदा मानिस त्यहाँ रोकिने अवस्था छैन। लोमान्थाङबाट सो नाका २१ किलोमिटरको दूरीमा पर्छ, नाका पुग्न १३ किलोमिटर अगाडि रहेको न्हेछुङमा प्रहरी पोष्ट भएपनि नाकामा प्रहरीको उपस्थिति कमजोर रहेको जानकारहरुको भनाइ छ। सो नाकामा पूर्वाधार नभएका र तीव्रगतिमा चिसो हावा चल्ने भएकाले लामो समय टिकिराख्न गाह्रो हुनेगरेको छ। कोरलानाकामा चीनतर्फ भने सुविधासम्पन्न अध्यागमन कार्यालय, भन्सार र सुरक्षाकर्मी बस्ने ब्यवस्था छ। उहाँले सरकारले सामान्य टेन्टको पनि ब्यवस्था गरेको छैन, सुरक्षाकर्मीका लागि बस्ने भवन छैन, बिद्युतको पोल भए पनि बिजुली पुगेको छैन। सो नाकामा खानेपानी र ल्याण्डलाइन फोनको पनि सुविधा उपलब्ध नभएकाले पनि आफूहरुलाई समस्या भएको छ। चिनियाँ बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य वस्तु, मदिरा, फर्निचर र कपडाजन्य सामान किनेर ल्याउने गरेका छन्। नेपालतर्फबाट चामल, फापरको पिठो, चिउरा, चाउचाउ, जडीबुटी, पस्मिनालगायत सामान निकाशीगर्न सकिने सम्भावना रहेको छ। कोरलानाका राजनीतिक रुपमा पनि महत्वपूर्ण छ। ०७२ सालको भूकम्पपछि तातोपानी, केरुङसँगै यो नाकाको पनि चर्चा भएको थियो। यो नाका सहजरुपमा सञ्चालनमा आउँदा यस क्षेत्रले ठूलो आर्थिक लाभ लिनसक्ने ब्यापारीहरुको भनाइ छ। कोरलानाकामा एकीकृत भन्सार कार्यालय खोल्नका लागि सरकारले एक हजार ३४४ रोपनी जग्गा भन्सार कार्यालयको नाममा ल्याउने प्रक्रिया चारबर्षयता शुरुगरे पनि अहिलेसम्म आवश्यक संरचना निर्माण शुरुभएको छैन। कोरलानाकाबाट ल्याएको सामान जाँचगर्नका लागि १३ किलोमिटरको दूरीमा न्हेछुङ पुग्नुपर्ने बाध्यता रहेको छ। सो नाका तिब्बतमा रहेको हिन्दूहरुको आस्थाको केन्द्र कैलाश र मानसरोवर जानका लागि पनि उपयुक्त मानिने स्थानीयको भनाइ छ।

# देशको कूल बजेट १९ खर्ब, बेरुजुमात्र १२ खर्बभन्दा बढी

**यो साताको बिशेष**

काठमाडौं। सरकारको आर्थिक परिदृश्य डरलाग्दो देखिएको छ। हालैमात्र महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश भएपछि डरलाग्दा आर्थिक चित्रहरु बाहिर आएका हुन्। जसप्रति राष्ट्रपति पौडेलबाटसमेत चिन्ता र चासो ब्यक्त भएको छभने सरकारमा रहेकाहरुले बचाउको प्रयास गरेका छन्। आगामी १५ गते सार्बजनिक हुनलागेको आगामी आबको बजेटको शिलिङनै १९ खर्बको रहेको छभने आब ०८०/०८१ सम्मको सरकारी बेरुजुनै १२ खर्ब ८४ अर्ब पुगेको पाइएको छ। सरकारी कार्यालय, संगठित संस्था तथा अन्य संस्था, समिति प्रदेश निकाय र स्थानीय तहहरुसमेतको बेरुजु १२ खर्ब ८४ अर्ब नाँघेको हो। गतसाता बुधबार सार्वजनिक भएको महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनअनुसार पछिल्लो एकबर्ष अर्थात आब ०८०/८१ मा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरुजु थपिएको पाइएको छ। महालेखापरीक्षकको ६२ औं प्रतिवेदनअनुसार केन्द्रिय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु सात खर्ब ३३ अर्ब १९ करोड नौलाख बराबर छ। अद्यावधिक बेरुजु गतबर्षको भन्दा ९.४५ प्रतिशतले बढेको देखिएको छ। त्यसैगरी अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारवाहीगरी टुंगो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोडगरी कूल १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको पाइएको छ। यसरी हालसम्मको कूल बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड नाघेको हो। अद्यावधिक बेरुजुतर्फ केन्द्रिय सरकारी कार्यालयको तीनखर्ब ७५ अर्ब ४७ करोड, प्रदेश सरकारी कार्यालयको ३० अर्ब ४८ करोड १९ लाख, स्थानीय तहको दुईखर्ब नौअर्ब २८ करोड ९१ लाख र समिति तथा अन्य संस्थाको एक खर्ब १७ अर्ब ९४ करोड बराबर रहेको छ। अद्यावधिक बेरुजु गतबर्षको भन्दा ९.४५ प्रतिशतले बढेको पाइएको छ। त्यसैगरी अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारवाही गरी टुंगो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोडगरी कूल १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको हो। यसरी हालसम्मको कूल बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड नाघेको पाइएको छ। अद्यावधिक बेरुजुतर्फ केन्द्रिय सरकारी कार्यालयको तीन खर्ब ७५ अर्ब ४७ करोड, प्रदेश सरकारी कार्यालयको ३० अर्ब ४८ करोड १९ लाख, स्थानीय तहको दुई खर्ब नौअर्ब २८ करोड ९१ लाख र समिती तथा अन्य संस्थाको एक खर्ब १७ अर्ब ९४ करोड बराबर रहेको छ। गत बर्षको बेरुजु छखर्ब ६९ अर्ब ८६ करोड रहेको थियो। यो बर्ष केन्द्रिय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको गरी कूल ९४ अर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण भएको थियो। प्रतिवेदनमा यस बर्षमात्र ९१ अर्ब ६० करोड बेरुजु देखिएको उल्लेख छ। यस्तो बेरुजु केन्द्रमा ४७ अर्ब ७४ करोड र प्रदेशमा चार अर्ब ३० करोड र स्थानीय तहमा २५ अर्ब ३२ करोड देखिएको छ। त्यसैगरी अन्य संस्थाको बेरुजु १४ अर्ब ३३ करोड रहेको छ। महालेखापरीक्षक तोयम रायाले बाँकी रहेका र यस बर्ष ७५३ समेत गरेर सबै तहको लेखा परीक्षण गरिएको बताउनु भएको छ। रायाले पदाधिकारीले पाउने सुविधा बाहेकको सुविधा लिने, समयमानै पेश्की फर्स्यौट हुननसक्नुले स्थानीय तहका बेरुजु बढी देखिएको उल्लेख गरे। उनले स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा उच्च प्रतिफल र गुणस्तर हुनेगरि खर्च गर्नुपर्ने,



तस्विर : रासस

सूचक निर्धारण गरि वित्तीय उत्तरदायित्व बहन गर्नुपर्ने, आवश्यक कानूनहरु बनाउनुपर्ने लगायतका सुझाव दिइएको बताउनु भएको छ। त्यसैगरी महालेखा परीक्षकको कार्यालयले वित्तीय अनुशासन कायमगर्न निकायको कार्यप्रकृति अनुरुप आचारसंहिताको व्यवस्था र परिचालनमा जोड दिएको छ।

**बेरुजुको तुलना :** महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन २०८२ सार्वजनिक भएको छ। तीनवटै तहका सरकार र तिनको मातहतमा रहेका सार्वजनिक निकाय तथा संगठित संस्थाको आर्थिक बर्ष ०८०/८१ को लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति तथा भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषय समेटेर प्रतिवेदन सार्वजनिक गरिएको हो। प्रतिवेदनअनुसार केन्द्रिय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु सातखर्ब ३३ अर्ब १९ करोड नौलाख बराबर छ। अद्यावधिक बेरुजु गत बर्षकोभन्दा ९.४५ प्रतिशतले बढेको पाइएको छ। त्यसैगरी अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारवाहीगरी टुंगो लगाउनुपर्ने रकम पाँचखर्ब ५१ अर्ब एक करोडगरी कूल १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको हो। यसरी हालसम्मको कूल बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड नाँघेको छ। प्रतिवेदनअनुसार पछिल्लो एकबर्ष अर्थात आर्थिक बर्ष ०८०/८१ मा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरुजु थपिएको छ। यो बर्ष केन्द्र, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। लेखापरीक्षणबाट बिभिन्न सैद्धान्तिक बेरुजुका अतिरिक्त ९१ अर्ब ६० करोड लगती बेरुजु देखिएको छ। सोमध्ये तीन हजार ९३ केन्द्रिय सरकारी कार्यालयको ३१ खर्ब छ अर्ब १६ करोड लेखापरीक्षणबाट ४७ अर्ब ७४ करोड अर्थात १.५४ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ एक हजार १६५ कार्यालयको तीन खर्ब आठ अर्ब ५६ करोडको लेखापरीक्षणबाट चारअर्ब २० करोड अर्थात १.३६ प्रतिशत देखिएको छ। त्यसैगरी स्थानीय तहतर्फ यसबर्षको ७५३ र बक्यौता आठसमेत कूल ७६१ को ११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट २५ अर्ब ३२ करोड अर्थात २.२६ प्रतिशत बेरुजु देखिएको छ। समिति र अन्य संस्थातर्फ ६९५ निकायको पाँच खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकोमा १४ अर्ब ३३ करोड बेरुजु कायम भएको छ। त्यसैगरी बिभिन्न ४३ संगठित संस्थाको ४५ आय बर्षको ४४ खर्ब सातअर्ब पाँच करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संगठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको महालेखाले जनाएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको जनाइएको छ। ०७९/८० बर्षसम्मको बाँकी बेरुजु छ खर्ब ६९ अर्ब ८६ करोड रहेकोमा समायोजन तथा फछ्र्यौट गरिएको अंक घटाई यो बर्षको थपसमेत सात खर्ब ३३ अर्ब १९ करोड बेरुजु बाँकी रहेको छ। त्यस्तै लेखापरीक्षणका क्रममा तथा सम्परीक्षणबाट यो बर्ष १४ अर्ब ४८ करोड असुल भएको महालेखाले जनाएको छ। कारवाही गरी टुंगो लगाउनुपर्ने पाँचखर्ब ५१ अर्ब दुई करोड रहेकोमध्ये राजस्व बक्यौता चारखर्ब ७२ अर्ब ३५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान छअर्ब २५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १४ अर्ब ३३ करोड, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज ४९ अर्ब ३७ करोड र लेखापरीक्षण बक्यौता आठअर्ब ७१ करोड रहेको छ। प्रदेश सरकारतर्फ लेखापरीक्षण अंकको तुलनामा १.३६ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेस प्रदेशको २.५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको ०.८२ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अंकको तुलनामा २.२६ प्रतिशत बेरुजु कायम भएको छ। यो बर्षको लेखापरीक्षणबाट पाँच प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६९२ वटा रहेका छन्। त्यसैगरी पाँचदेखि १५ प्रतिशतसम्म बेरुजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने एक स्थानीय तह रहेको छ। त्यसैगरी यो बर्ष तीनहजार ९३ केन्द्रिय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकामा एकहजार १०५ कार्यालय अर्थात ३५.७३ प्रतिशतमा उल्लेख्य बेरुजु नदेखिएको प्रतिवेदनमा उल्लेख छ। त्यसैगरी प्रदेश सरकारी कार्यालयतर्फ एक हजार १६५ निकायको लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय अर्थात २८.५८ प्रतिशतमा उल्लेख्य बेरुजु देखिएन। केन्द्रिय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो बर्ष लेखापरीक्षणबाट १४ अर्ब ४८ करोड ४१ लाख असुल गराएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ। अर्थ मन्त्रालयले बिभिन्न शीर्षकमादिँदै आएको राजस्व छुटमा महालेखाले प्रश्न उठाएको छ। प्रतिवेदनमा भन्सार विभागको तथ्यांक प्रणाली (आसिकुडा) को तथ्यांकअनुसार ०८०/८१ मा भन्सार राजस्वतर्फ ७९ अर्ब ८७ करोड ३९ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फसमेत छुट दिएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन् भनिएको छ। साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारीगर्दा भन्सार महसुल चारअर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत छुटभएको देखिएको महालेखाले उल्लेख गरेको छ।

महालेखाको प्रतिवेदनमा अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म बिभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको ३४ अर्ब २७ करोड ५२ लाख पैठारी मूल्यमा छ अर्ब ६० करोड ९९ लाखसमेत विगत चारबर्षमा २० अर्ब ६२ करोड ६९ लाख राजस्व छुट दिएको छ। वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि आयोजना विकास सम्झौताको शर्तको अधीनमा रही ४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार पैठारी मूल्यका मालवस्तुमा सातअर्ब ५२ करोड ९८ लाख ८५ हजार राजस्व छुटदिएको देखिन्छ। यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन भनिएको छ। सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नुअगावै मास्टरलिष्ट स्वीकृत गराएको अवस्थामामात्र छुटदिने र सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा भएरनभएको अनुगमनसमेत हुनुपर्ने व्यवस्था मिलाउन महालेखाले सुझाव दिएको छ। पछिल्ला बर्षमा राजस्व छुटको दायरा बढ्दै गएकाले सोको प्रभाव विश्लेषण गर्नुकासाथै राजस्व छुटको एकीकृत तथ्यांक संसदमा पेशगरी पारदर्शिता कायमगर्न भनिएको छ।

**सुशासनका लागि चुनौती :** गतसाता बुधबारको कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक अनुशासन कायमगर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धिगर्न सार्वजनिक निकायका पदाधिकारीहरु अझ बढी जिम्मेवार र जवाफदेही बन्नु आवश्यक रहेको बताउनुभएको थियो। राष्ट्रपति पौडेलले सरकारी कारोवारमा हरेक बर्ष बेरुजु बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण अवस्था हो, सुशासन कायम गराउन सरकारी कोष सञ्चालनगर्ने सम्बद्ध सबै पदाधिकारीलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भूमिका महत्वपूर्ण हुन्छभन्ने मैले ठानेको छु भन्नुभएको थियो। विगत लामो समयदेखि सरकारी खर्चमा बढ्दै गएको बेरुजु गम्भीर चासो र सरोकारको विषय बनेको उहाँको भनाइ थियो। उहाँले वर्तमान परिस्थितिमा सरकारी खर्चगर्दा प्रचलित कानूनको परिपालना एवं आर्थिक अनुशासनलाई अझ बढी ध्यान दिनुपर्ने आवश्यकता रहेको बताउनु भएको थियो। उहाँले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन महालेखा परीक्षकले आगामी दिनमा थप सशक्त भूमिका निर्वाहगर्ने विश्वास व्यक्त गर्नुभएको थियो। उहाँले महालेखा परीक्षकबाट सरकारी वा सार्वजनिक श्रोतसाधन तथा सम्पत्तिको सदुपयोग भए/नभएको, अनियमितता वा हानिनोक्सानी भए/नभएकोसमेतको विषय परीक्षण हुँदैआएको सन्दर्भमा यस प्रतिवेदनमा औँल्याइएका विषयहरुले सम्बन्धित निकायलाई आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वप्रति थप सजग गराउने विश्वास व्यक्त गर्नुभएको थियो।

**मापदण्डविपरीत नियुक्ति :** देशका बिभिन्न तहमा मापदण्ड बिपरितको नियुक्ति गर्ने/गराउनेक्रम बढेको देखिएको छ। स्थानीय तहका पदाधिकारीले मापदण्डविपरीत स्थानीय तहमा स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरेर करोडौं रुपैयाँ सेवासुविधा दिएको खुलेको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनबाट सो कुरा खुलेको हो। प्रतिवेदनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ०७७/११/२५ को




फाइल तस्विर

परिपत्रअनुसार मापदण्ड बनाई यस्तो खर्च लेखे उल्लेख भएतापनि सोअनुसार मापदण्ड बनाएको देखिएन। यो बर्ष १५२ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्तिगरी आठ करोड १२ लाख ३८ हजार रुपैयाँ पारिश्रमिक भुक्तानी गरेको पाइयो भनिएको छ। प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी **बाँकी ७ पेजमा**

# बर्तमान राजनीतिक अन्योलताका भित्री कारणहरु

डा. बाबुराम भट्टराई



हामीले ठूलो संघर्ष र क्रान्तिपछि राजनीतिक परिवर्तन ल्यायौँ । त्यो राजनीतिक परिवर्तनपछि बनेको संविधानमा राज्यको शासकीय स्वरुप र निर्वाचन प्रणालीमा केही त्रुटि थिए । त्यसलाई नसच्याउँदा राजनीतिक अस्थिरता हुन पुग्यो । राजनीतिक अस्थिरतामा नीतिगत सुधारहरु, केही संरचनात्मक सुधार गम्भीर ढंगले गर्नुपर्थ्यो तर त्यो हुन सकेन । पहिलो कारण यही हो । दोश्रो कारण, हाम्रोजस्तो जटिल भूराजनीतिक विश्व परिवेश जोडिएको ठाउँमा इतिहासदेखिका समस्या हलगर्न अत्यन्तै दुरदृष्टिसहित नेतृत्वले दृढता देखाउन नसक्दा यस्तो स्थिति उत्पन्न भएको हो । ६/६ महिनामा सरकार फेरिएका छन्, तर संविधान बनेयता तीनजना नेता र दलले पालैपालो सरकार चलाइराखेका छन् । त्यसकारण १९ को २० हुनेमात्र हो, त्यसले तात्विकरुपमा थपघट केही पनि हुँदैन । समस्या प्रणालीगतरुपमा छ । अहिलेको प्रणालीले दुरदृष्टियुक्त नेतृत्व सत्तामा पुग्न दिँदैन । जोडजाड पारेर सरकार चलाउने, सरकार टिकाउनका निम्ति अनावश्यक ढंगले लेनदेनगर्ने प्रवृत्ति संविधान बनेदेखिनै निरन्तर भइराखेको छ । संविधान बन्नु अगाडि म भन्दिनँ, किनकि त्यो लोकतन्त्र पूर्णता भएको बेला थिएन । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान ०७२ साल असोज तीनगते जारी भयो । त्यस यताको घटनाक्रमलाई म जोड दिन चाहन्छु । त्यसअघिको अर्थ छैन । मुख्यतः तीनजना नेताले पालैपालो सरकार चलाइराखेका छन् । यिनीहरुको पालामा कुनै तात्विक अन्तर केही आएको छैन । कांग्रेस र एमाले पहिलेनै चिनिएका संसदवादी दल थिए । उनीहरुको धर्म भनेको सरकारमा छँदा सकेसम्म राज्यको दोहन गर्ने । सरकारबाहिर आउँदा यसो गऱ्योभनेर हल्लागर्ने संसदवादको परिणाम थियो । त्यसकै विरुद्ध लडेर संविधान सभाबाट संविधान बनाउन निर्णायक भूमिका खेल्ने माओवादीको नेतृत्वसमेत उनीहरु जसरीनै संसदवादमा फस्न पुग्यो, यो दुर्भाग्य हो । माओवादीले पनि सत्तामा छँदा एउटा कुरागर्ने र सत्ता बाहिर अर्को कुरा गऱ्यो । यो सबैभन्दा ठूलो बिडम्बना भयो । त्यसैले यो वा त्यो सरकारभन्दा पनि प्रणालीगत सुधार गरौँ । त्योभनेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसदको व्यवस्थामा नगएसम्म लोकतान्त्रिक स्थिरता हुँदैन । सिंगो देशकै नेता नभएसम्म यस्तै संसदीय जोडजाड गरेर बनाएमा ठीक मान्छे पनि त्यहाँ पुग्दैन । कोही पुगिहाले पनि त्यसले कामगर्न सक्दैन । भारतमा सन्१९४७ मा अंग्रेजबाट मुक्त भयो । त्यतिबेलादेखि नै बेलायती वेष्ट मिनिष्टर प्रणाली अन्तर्गतकै संरचना त्यहाँ बनेको छ । त्यसमै उनीहरु लड्दै, पढ्दै, सिक्दै नयाँ संस्कार निर्माण हुने ठाउँमा पुगे । त्यसमा राजनीति, अर्थनीति, सामाजिक नीति, सांस्कृतिक नीति महत्वपूर्ण हुन्छ ।

संस्कार बन्नका निम्ति पहिले राजनीतिक, आर्थिक प्रणालीमा सुधार गर्नुभयोभने त्यसको अभ्यासका क्रममा संस्कृतिको विकास हुन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली भएको भए पाँचबर्ष हटाउन सक्दैनथ्यो । गलत गरेछभने पनि त्यसलाई महाभियोग लगाएर हटाउन सकिन्थ्यो । हाम्रोमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको भर्खर १० बर्षमात्र भयो । त्यसैले हाम्रा संस्थाहरु बलिया छैनन् । पहिला संस्था बलियो बनाएर बल्ल व्यक्तिको भूमिका हेर्नुपर्छ । स्थिर सरकार बन्नका लागि समय लिन्छ । संसदीय ढाँचामा कुनै एउटा पार्टीको बहुमतनै आएछभने पनि पार्टी फुट्ने खतरा हुन्छ । एउटै पार्टीको भएपनि सांसदहरुले फ्लोरक्रसगर्ने सम्भावना हुन्छ । त्यसकारण स्थिरता भएन । सरकार टिकाउनकै निम्ति आफ्नै दलभित्र डराउनुपर्ने, अन्य पार्टीसँग डराउनुपर्ने, छरछिमेकीसँग डराउनुपर्ने स्थिति आउँछ । त्यतिबेला तपाईंले सुशासन दिन सक्नुहुन्न । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली भएको भए पाँचबर्ष हटाउन सक्दैनथ्यो । गलत गरेछभने पनि त्यसलाई महाभियोग लगाएर हटाउन सकिन्थ्यो । अथवा चुनावबाट हटाउन सकिन्थ्यो । त्यसैले प्रणालीगतरुपमै मुख्य समस्या हो । किनकि हाम्रो लोकतान्त्रिक संस्कार लामो छैन । हिमाल, पहाड, मधेसको बिविधता छ । सम्पूर्ण देशलेनै मान्ने नेता नछानेसम्म हुँदैन । त्यसअर्थमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीको छुट्टै महत्व छ । यसलाई हामीले न्यूनीकरण गरेर अर्कोसँग दाँजेर हेर्न मिल्दैन ।

देशमा बलियो प्रणाली भइदिएको भए २७५ जना सांसदले छानेको प्रधानमन्त्रीभन्दा दुईकरोड जनताले छानेको राष्ट्रपति बढी राम्रो हुन्थ्यो । यो गणितको सामान्य सिद्धान्तको सम्भावनाले पनि भन्छ । उसले देशविदेशका विज्ञहरुलाई लिएर अर्थनीति, परराष्ट्रनीतिलगायतका ठीक नीति तयगर्न सक्थ्यो र ढुक्कसँग कार्यान्वयन गरेर जान सक्थ्यो । यसकारण प्रणालीगतरुपमै हामीकहाँ मुख्य समस्या होभन्ने मेरो दृढ मत छ । जबसम्म हामी यसमा जाँदैनौँ, तबसम्म देशले विकासको गति लिनसक्दैन । अर्को पाटो जटिल भूराजनीति छ । यसको सन्तुलन मिलाउनका निम्ति जब देशभित्रै राजनीतिक स्थिरता हुँदैन, तब सरकार टिकाउनकै निम्ति आफ्नै दलभित्र डराउनुपर्ने, अन्य पार्टीसँग डराउनुपर्ने, छरछिमेकीसँग डराउनुपर्ने स्थिति आउँछ । त्यतिबेला तपाईंले सुशासन दिन सक्नुहुन्न । समृद्धि पनि ल्याउन सक्नुहुन्न । नेपालको पीछडिएको आर्थिक सामाजिक अवस्था, जटिल भूराजनीति, लोकतान्त्रिक संस्कृतिको अभाव आदि कारणले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीमा जानुनै प्रस्थान विन्दु हो । माओवादी आन्दोलन र जनजाति/मधेसी आन्दोलन पछिल्ला आन्दोलन भएको हुनाले यिनै साथीहरुलाई मिलाएर जान पाए हुन्थ्योभन्ने मेरो शोच थियो । हिजोकै माओवाद, क्षेत्रीयतावाद भनेर अब हुँदैन । तर जुन स्प्रिट थियो, त्यसलाई कायम राखेर अहिलेको नयाँ बिचारमा भनेर हुँदैन ।

अहिले मूल्य र मान्यतामा आधारित समाजवाद भनेर जाउँ । हाम्रो संविधानले पनि त्यही भन्छ । त्यस्तो शक्ति निर्माण गरेर जान सकिन्छकि भनेर मैले प्रयत्न गरेको हो । मधेसवादी, जनजातिसँग सहकार्य गरौँ । माओवादीभित्र पनि पुरानै बाटोबाट भएन, नयाँ ढंगले जानुपऱ्योभन्ने कुरा भएको हुनाले ठीक छ, नयाँ ढंगको समाजवादी लोकतान्त्रिकमा आधारित समाज वादतिर जाने होभनेर माओवादी नेतृत्वले भनिसकेपछि त्यतिबेला सदासयता देखाएको हो । तर दुःखको कुरा, नानीदेखिको बानी भनेजस्तो पुष्पकमल दाहालले फेरि उही पुरानै कुरा देखाइहाल्नुभयो । संसदवादमा खेल्ने र रमाउन थाल्नुभयो । त्यसकारण यो एउटा शिक्षा भयो भन्छु म । कसैलाई दोष दिनुभन्दा पनि पाठ सिकेर अब उहाँबाट हुँदो रहेनछ, आशागर्नु भनेको फलदायी कुरा हुँदो रहेनछभन्ने निष्कर्षमा म पुगेको छु । अब नयाँ युवा पुस्ता वैकल्पिक ढंगले जाउँभनेर जुन शक्ति उदय भइराखेको छ, तिनीहरुसँग सहकार्य गरेर देशमा एउटा बलियो र भरपर्दो शक्ति दिनुपर्छभन्ने मलाई लाग्छ । मेरो प्रयत्न त्यसमै केन्द्रित छ । म कम्युनिष्ट वा गैरकम्युनिष्ट भन्दिनँ । हाना आरेटभन्ने एक जना दार्शनिक हुनुहुन्छ । उहाँले क्रान्ति सम्पन्न भएको भोलिपल्ट क्रान्तिकारीहरु अवसरवादीमा परिणत हुन्छन्भनेर लेख्नुभएको थियो । त्यसकारण यो सबै देशमा उस्तै हुन्छ । मानिस जन्मदैमा खराब भन्ने हुँदैन । खराब र राम्रो दुवै गुणसहितको मान्छे हुन्छ । जब मानिस सत्तामा पुग्छ, तब उल्टो रुपान्तरण हुनथाल्छ । स्वार्थी, लोभीहुँदै जाने क्रमले बिग्रिन्छ । अब नयाँ युगमा पुगेपछि नयाँ ढंगले जानु परेन ? जमिनसम्मको यात्रा हामी गाडीमा जान्छौँ । समुद्र आएपछि समुद्रमै गाडी लिएर गयोभने दुर्घटना परिहाल्छ नि । त्यसरीनै हाम्रो माओवादी आन्दोलनमा लागेका साथीहरुको ठूलो तप्का विचलित भएका छन् । उहाँहरुबाट सुध्रने सम्भावना म देख्दिनँ । तर त्यो आन्दोलनभित्र रहेका, हिजो दुःख, कष्ट भोगेका र अब नयाँ आउने साथीहरु मिल्यौँ भने देशमा छिटै भरपर्दो शक्ति निर्माणगर्न सकिन्छ । माओवादी आन्दोलनको चरण पूरा भइसकेको छ । जसरी हामीले नेपालको अनुकूलतामा नयाँ ढंगले आन्दोलनलाई लिएर जाँदा संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुगेको हो । यदि हामीजस्तो मानिसले नयाँ ढंगले प्रयोग नगरेको भए या शास्त्रीय ढंगले मात्रै जान्छु भनेको भए त्यो आन्दोलन कि त पेरु कि त थाइल्याण्डजस्ता देश भएर सिद्धिएर जाने थियो । ०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि त्यो अध्याय पूरा भयो । विकास र समृद्धि ल्याउने नयाँ युगमा हामी प्रवेश गर्द्यौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति पनि बदलियो । यसले हाम्रो बिचारलाई पनि परिवर्तन गरेर पार्टीलाई नयाँ ढंगले लानुपर्छ भनेकै हो । माओवादीका धेरै साथीहरुले अझै पनि यी कुरा बुझ्नुहुन्न । बाबुरामले माओवादी छोड्यो भन्दैछन् । माओवादी आन्दोलन पूरा भएको हो । अब नयाँ युगमा पुगेपछि नयाँ ढंगले जानु परेन ? जमिनसम्मको यात्रा हामी गाडीमा जान्छौँ । समुद्र आएपछि समुद्रमै गाडी लिएर गयोभने दुर्घटना परिहाल्छ नि ! समुद्रमा पुगेपछि कि पानीजहाज कि हवाइजहाज चढ्नु परेन ? त्यसकारण संघीय लोकतान्त्रिक गणतन्त्र जारी गर्नुसम्मको एउटा यात्रा थियो । **बाँकी ७ पेजमा**

# सरकारी नीतिगत अन्योलताल जता पनि समस्या

काठमाडौं । सरकारी नीतिगत अन्योलताल जता पनि समस्या आउने गरेको देखिएको छ । यसैक्रममा प्राप्त एक समाचारअनुसार पूर्वी नेपालको नगदे कृषि उत्पादन सुपारी निर्यात रोकिएपछि मुलुकले बर्सेनि दश अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जनको श्रोत गुमाउन थालेको छ । सरकारले ०७८ सालदेखि सुपारी निर्यातमा रोक लगाएयता चारबर्षमा सुपारी निर्यात ठप्परहेको सुपारी उत्पादक किसान संघका केन्द्रीय अध्यक्ष नीलकण्ठ तिवारीले बताउनुभएको छ । उहाँले निर्यात रोकिनु अघि भन्सार प्रक्रियाबाट बर्सेनि १० अर्बको सुपारी भारत निर्यात हुने गरेको पनि बताउनुभएको छ । उहाँले सुपारीका बारेमा मुलुकले सही निर्णय लिननसक्दा किसानले ठूलो नोक्सानी व्यहोर्नु परेको छ । स्थानीय, प्रदेश र संघीय तीन वटै तहका सरकारलाई समस्या सुनाउँदा आजित भइसक्यौँ । कतैबाट समाधान निस्केको छैन भन्नुभएको छ । पूर्वी नेपालको झापा, मोरङ, सुनसरी, इलाम र उदयपुर जिल्लामा ठूलो मात्रामा सुपारी उत्पादन हुँदैआएको छ । संघका अध्यक्ष तिवारीकाअनुसार वार्षिक १४ हजार मेट्रिक टनभन्दा बढी सुपारी उत्पादन हुन्छ । स्वदेशमा खपत नहुने भएकाले अधिकांश सुपारी भारत निर्यात हुनेगरेको छ । राष्ट्रियसभाको दीगो विकास तथा सुशासन समितिले डिएनए परीक्षण गरेरमात्र सुपारी निर्यातगर्नु भनी अर्थमन्त्रालय र वाणिज्य मन्त्रालयलाई ०७९ साउन १६ गते परिपत्र गरेपछि सुपारी निर्यात रोकिएको हो । संघका अध्यक्ष तिवारीका अनुसार प्रशोधित सुपारीको डीएनए परीक्षण हुँदैन भन्ने नेपाली र भारतीय वैज्ञानिकको भनाइ छ । सुपारीको उत्पत्ति प्रमाणपत्र जारी गरेर पहिले पहिले यसको निर्यात अनुमति दिइने गरिएको थियो । हुँदैनहुने डीएनए परीक्षणको उल्झन निकालेर संसद र सरकारले किसानमाथि अन्याय गऱ्यो । कम मेहनतमा अन्य खेतीभन्दा दोब्बर आम्दानी दिने भएकाले किसानले सुपारी खेतीको विस्तार गरिरहेका छन् । आउँदो पाँचबर्षमा पूर्वी नेपालमा सुपारीको उत्पादन वृद्धिभइ ३५ हजार मेट्रिक टनसम्म पुग्ने अनुमान संघको छ । सरकारले सुपारी निकासीका लागि सहज वातावरण बनाउने उपाय नअपनाएको र खेती प्रवर्द्धनका लागि सुपारी अनुसन्धान केन्द्र स्थापना नगरेको सुनसरीका सुपारी किसान अगुवा डिल्लीराम गौतमले बताउनु भएको छ । उहाँले सुपारीलाई कच्चापदार्थको रुपमा प्रयोगगर्ने सुपारीजन्य उद्योगले आबश्यकताको ५० प्रतिशत स्थानीय सुपारी खरिद गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने माग पनि अगाडि सार्नुभएको छ । स्थानीयले झापा, मोरङ र सुनसरी जिल्लामा सुपारीको **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## चारलाख ७७ हजार मानिस पूर्णरुपमा भोकमरीको चरम अवस्थामा

कर्तव्य

प्योलेष्टाइन बिरुद्ध इजरायली अत्याचार बढ्दै गएपछि सर्बत्र चिन्ता र चासो ब्यक्त हुनथालेको छ । गत करिब ७५ दिनदेखि गाजामा कुनैपनि राहत सामग्री प्रवेशगर्न नपाएका कारण मातृ सेवा गम्भीररुपमा प्रभावित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ । संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालयकाअनुसार, हाल गाजामा केवल पाँचवटा अस्पताललेमात्र सुत्केरी सेवा दिनसक्ने अवस्था छ । औषधि, उपकरण तथा अन्य आवश्यक वस्तुको अभावका कारण त्यहाँ कार्यरत स्वास्थ्य मार्गदर्शकहरुले कठीनाइ भोगिरहेका छन् । झण्डै १७ हजार गर्भवती तथा दूध पिलाइरहेका आमाहरु कुपोषणबाट पीडित छन् र उनीहरुलाई तत्काल स्वास्थ्य तथा पोषण सेवा आवश्यक रहेको जनाइएको छ । स्वास्थ्यसम्बन्धी विश्व संस्थाअनुसार, गाजाका ३६ अस्पतालमध्ये एकतिहाइ मात्र आंशिकरुपमा सञ्चालनमा छन्भने प्राथमिक उपचार केन्द्रमध्ये करिब ३० प्रतिशतमात्र कुनै न कुनैरुपमा कार्यरत छन् । बारम्बार हुने आक्रमण, इन्धनको अभाव र स्वास्थ्यकर्मीको कमीले सेवा दिन कठीन भएको छ । कान युनिस नगरको एकमात्र सर्जरी सेवा दिने अस्पतालमाथि भएको आक्रमणमा केही व्यक्तिहरु घाइते भएका छन्। उक्त अस्पतालमाथि युद्ध शुरु भएयता चौथो पटक आक्रमण भएको हो। संयुक्त राष्ट्रसंघकी उप मानवीय समन्वयकर्ताले घटनास्थलको निरीक्षणगरी त्यहाँ कार्यरत स्वास्थ्यकर्मी तथा विदेशी चिकित्सकहरुसँग भेट गर्नुभएको छ । उहाँले स्वास्थ्य संस्थामाथि गरिएका आक्रमणहरु पूर्णरुपमा अस्वीकार्य भएकोभन्दै यस्ता घटनाहरु तुरुन्त बन्द हुनुपर्ने माग



राख्नुभएको छ । युद्धकाबीच पनि, संयुक्त राष्ट्रसंघ र साझेदार संस्थाहरुले बालबालिकालाई बम तथा विष्फोटक वस्तुबाट कसरी बच्नेभन्ने तालिम दिइरहेका छन्। देइर अल बलाहमा रहेको बिद्यालयमा बिष्फोटहुँदा सयौँ परिवार विस्थापितभई त्यहाँ बसोबास गरिरहेका छन् । उनीहरुलाई खाना, पानी र शौचालयको व्यवस्था अत्यन्तै आवश्यक रहेको छ । संयुक्त राष्ट्रसंघले जनाएअनुसार, हाल राहत सामग्री पुऱ्याउने अनुमति बारम्बार रोकिने गरेको छ । गतसाता मंगलबारको दिनमात्रै, ग्याँस, अस्पताल तथा उद्धार गाडीका लागि इन्धन ल्याउने अनुमति मागिएका ११ मध्ये पाँचवटा अनुरोध अस्वीकार गरिएको थियो । संयुक्त राष्ट्रसंघले सबै मानवताको आधारमा गाजाभित्र राहत सामग्री तथा अत्यावश्यक सेवा पुऱ्याउन दिइनुपर्ने मागगर्दै, जिम्मेवार पक्षले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्नुपर्ने स्मरण गराएको छ । अन्तराष्ट्रिय समाचार संस्थाहरुकाअनुसार गाजामा भोकमरी र कुपोषणका कारण स्थिति अत्यन्त गम्भीर बन्दैगएको छ । हालै सार्वजनिक गरिएको एक प्रतिवेदनअनुसार हरेक १० हजार जनामा कम्तीमा पाँच बर्षमुनिका चारजना बालबालिकाको दैनिकरुपमा मृत्यु भोक, कुपोषण तथा रोगको संयुक्त असरका कारण भइरहेको देखिएको छ । प्रतिवेदनले गाजाको करिब २२ प्रतिशत जनसंख्या करिब चारलाख ७७ हजार मानिस पूर्णरुपमा भोकमरीको चरम अवस्थामा रहेको जनाएको छ । थप एक करोड जनसंख्या पनि अत्यन्त गम्भीर खाद्य अभावमा छन्, जसले उनीहरुलाई गम्भीर कुपोषणको जोखिममा पुऱ्याएको छ । मानव कल्याणमा संलग्न संस्थाहरुकाअनुसार हाल गाजा क्षेत्रको अवस्था युद्धको शुरुदेखिको सबैभन्दा गम्भीर अवस्थामा पुगेको छ । संयुक्त राष्ट्र संघको मानवीय सहायता निकायले पोषण उपचारको खोजीगर्ने बालबालिकाको संख्या फागुन यता दोब्बर भएको जनाएको छ । तर, उपचारमा प्रयोग हुने सामग्री छिटो सकिँदै गएको छ । खाद्यान्नको अभावले धेरै सहायता संस्थाहरुले वितरण कार्यक्रमहरु बन्द गरिसकेका छन् । बजारमा आवश्यक खाद्य वस्तुहरु अत्यन्त महँगो भइसकेका छन्, जसलेगर्दा साधारण नागरिकका लागि खरिदगर्न असम्भव भएको छ । खेतीयोग्य भूमि प्रायः नष्ट भइसकेको अवस्थामा पुगेको छ । इन्धनको अभावले पानी आपूर्ति पनि लगभग बन्दहुने अवस्थामा पुगेको छ । यसैक्रममा संयुक्त राष्ट्रसंघका राहत प्रमुख टम फ्लेचरले गाजामा जातीय नरसंहारको रोकथामका लागि सुरक्षा परिषदबाट आवश्यक कदम चाल्न आग्रह गर्नुभएको छ । उहाँले इजरायलका कार्यहरुलाई तीव्र आलोचनागर्दै गाजामा जारी आक्रमणले हजारौँ निर्दोष जनतालाई मारेको र अधिकांश क्षेत्रलाई मलबामा परिणत गरेको बताउनुभउको छ । संयुक्त राष्ट्रसंघका उप महासचिव र मानवीय मामिलाका प्रमुख फ्लेचरले इजरायललाई गाजामा रहेको खाद्यान्न आपूर्ति नाकाबन्दी हटाउन अनुरोध गर्नुभएको छ । फ्लेचरले इजरायललाई जानकारीपूर्ण र निन्दनीयरुपमा मानवीय संकट सिर्जनागर्दै रहेको आरोप पनि लगाउनु भएको छ । उहाँले संयुक्त राष्ट्रसंघका एजेन्सीहरुले जीवन रक्षाका आपूर्ति सीमामा तयारी अवस्थामा छन्, तर इजरायलले तिनीहरुलाई प्रवेशगर्न अनुमति दिएको छैन भन्नुभएको छ । इजरायलको मानवीय सहायता आपूर्तिगर्नका लागि प्रस्तावलाई फ्लेचरले चालाखीपूर्ण नाटकभन्दै आलोचना गर्नुभएको छ । इजरायलका संयुक्त राष्ट्रसंघमा राजदूत ड्यानी ड्यानोनले आफ्ना सरकारविरुद्धका आरोपहरुलाई आधारहीन र अपमानजनक भन्नुभएको छ । फ्लेचरले हामीले सुरक्षा परिषदलाई विस्तारपूर्वक जानकारी **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा आर्टिफिसियल इण्टेलिजेन्स र अटोमेशन

लोकनारायण सुवेदी



बौद्धिक मञ्च

आजको समसामयिक विश्वमा एआई अर्थात आर्टिफिसियल इण्टेलिजेन्स र अटोमेशन अर्थात उच्च स्वचालनको उदय अब विश्वमा भविष्यको अवधारणाको विषय रहेन। जुन दैनिक जीवनकै अभिन्न उपकरण बनेर प्रस्तुत हुनथालिसक्यो। फलत: यसले विश्वभरीका अनेक उद्योगहरुमा एउटा नयाँ क्रान्तिकै अपूर्व जग स्थापित गरिसकेको र गरिरहेकोदेखिन्छ। स्वास्थ्य सेवाहरुदेखि लिएर वित्तीय सेवाहरुसम्म यस प्रविधिले मानिसको भविष्य बदलिन थालेको छ। यसले प्रत्येक क्षेत्रमा नवीन र बद्लिदो कौशलताको आवश्यकता प्रष्टसँग औंल्याइदिएको छ र ठूलो परिवर्तन भइरहेको छ। यस प्रकारको निरन्तर तीव्र गतिमा परिवर्तनहुँदै गइरहेको वर्तमान विश्वमा प्रौद्योगिकीमा नयाँ कौशल, सीप र ज्ञानको आवश्यकता सर्वत्र अझ बढ्न गएको छ। बर्तमान समयमा प्रविधिको नवीन र त्वरित विकासको गतिकसाथसाथै विश्वभरीनै एआई अर्थात आर्टिफिसियल इण्टेलिजेन्सको र उदाउँदा अन्य प्रविधि कौशल सुसज्जित विशेषज्ञको माग पनि तीव्रतररुपमा बढ्नथालेको छ।

यस सम्बन्धमा विश्व आर्थिक मञ्च अर्थात 'वर्ल्ड इकोनोमिक फोरम'ले धेरै पहिले नै अनुमान लगाएको थियो कि यो शुरु भएको बर्ष २०२५ ससम्ममा एआई र मेशिन लर्निङले, विश्वभरीमा १० करोड नयाँ रोजगारीको सिर्जनागर्ने छ। यसका अतिरिक्त आईडिसी अर्थात 'इण्टरनेशनल डाटा कर्पोरेशन'को एउटा प्रतिवेदनले के पनि अनुमान लगाएको थियोभने आजभन्दा दुइबर्ष अघिबर्ष २०२३ सम्ममानै एआईमाथि विश्वको खर्च ९७.९ अर्ब डलरसम्म पुगिसक्छ। त्यो तथ्यांकले त्यसपछिका यताका बर्षहरुमा यस क्षेत्रमा असाधारणरुपले अझबढी खर्च र अझ बढीनयाँ रोजगारीको सिर्जनमा अभिवृद्दि हुने सम्भावानालाई स्पष्ट दर्शाएको थियो। यस स्थितिमा विश्वका अनेक सशक्त कम्पनीहरु उदाउँदो प्रविधिमा कुशल कार्यबल( वर्कफोर्स)को उपलब्धताका कारण बिकसित र श्रोत साधन तथा कौशल-सम्पन्न देशहरुसँग मिलेर कामगर्ने, आफ्नो कौशललाई अझ बिकसित तुल्याउने, मूल्यबान अनुभव प्राप्तगर्ने अवसरको सदुपयोगगर्ने दिशामा अग्रसर देखिन्छन्। बिशेषरुपले अटोमेशन र एआईको उदाउँदो आजको यस अति उन्नत र नवीनतम प्रविधिले विश्वभरी नै कामको स्वरुप र प्रवृत्तिलाई बदलिदिएको छ। समग्र कौशल बिकासका प्रवृत्तिहरुलाई ध्यानमा राखेर विश्वका बिभिन्न सरकारहरु, शैक्षिक संस्थाहरु र औद्योगिक इकाईहरु एक साथ खडा हुनुपर्ने आवश्यकता महसुशगर्दै त्यसतर्फ अग्रसर देखिन्छन् र कौशल बिकासको नवीन र परस्पर अन्तरनिर्भर सबल इको-सिस्टमको निर्माण हुनसक्ने स्थिति देखिदैछ। यसले केवल कुशल कार्यगर्ने क्षमता सम्पन्न शक्ति अर्थात निपुण कार्यबल निर्मितमात्र हुने होइन यसले त उच्चतर आर्थिक सम्बृद्धिकासाथसाथै समग्र बिकासका अनेक कृयाकलापहरुमा पनि अपूर्व योगदान दिने कुरा आज दैनिकरुपमै जस्तो मुख्य चर्चाको विषय बनिरहेको यथार्थ छ। तर हाम्रो देशमा भने युवा रोजागारीका लागि गन्तव्य देशको खोजी गर्ने र त्यसकै आधारमा चल्ने तथाभिखमंगा किसिमले द्ररिदतालाई च्यापिर हिड्ने हीनग्रन्थी र गलत प्रवृत्तिनै हावी बनेर रहेको छ।

देशको रणनीतिक अवस्थिति, ठूलो जैविक बिबिधता र प्रचुर बिकास सम्भावनालाई यसरी बेवास्ता गर्दै अरु देशको तीव्र बिकास र प्रगतिको रमिता हेरेर बस्ने र केही नसिक्ने मरणोन्मुख बाटोमा कहिलेसम्म घिस्रिने हो? अहिलेसम्म कुनै अत्तोपत्तो छैन। शायद 'मति बिग्रेपछि गति पनि बिग्रन्छ' भन्ने कुरा यसरी हाम्रै देशमा चरितार्थहुँदै आइरहेको र भइरहने छ। प्रचुरतम सम्भावना भएको जीवनदायनी कृषि क्षेत्र, जलश्रोत र पर्यटनलाई एकीकृतरुपमा सञ्चालनगर्ने समय सारिणी सहितको जनमुखी, परिणामदायी रणनीतिक बिकास योजना, कार्यक्रम र नीति निर्माण गरेर कार्यान्वनयमा जाने बाटो दृढतापूर्व पक्रिने होभने नेपाललाई पर्याप्त मात्रामा आत्मनिर्भर बनाउँन, रोजगारी पैदा गर्न र देशलाई समुन्नतिको सही बाटोमा अघिसार्न सकिने दीगो आधार तयारपार्न अवश्य सकिन्छ। तर यतातिर राज्यका प्रमुख र जिम्मेवार अंग प्रत्यंगहरु कत्ति पनि तल्लिन छैनन्। वास्तवमाा राज्यका ती अंगहरु भ्रष्टाचारको चरम चुलीमा पुगेर चुर्लुम्म डुबिसकेको हुनाले उनीहरुको बुद्धि र बृत्ति पनि भ्रष्ट भइससकेको या भइरहेको र तिनको मूल ध्याउन्न पनि बिभिन्न किसिमका डरलाग्दा भ्रष्टाचार, संगठित मानव तस्करी, कमिशनखोरी, घुसखोरी, सुदखोरी र कालोबजारी बाहेक अरु केही नभएको आजको स्थितिले दिनदिनै प्रष्ट पारिरहेको छ।

हल्का किसिमले 'ब्यवस्था फेरिए पनि अवस्था फेरिएन' भनेर जनतालाई बास्तबिकताबाट टाढा राख्ने र अल्मल्याउने प्रपञ्च चलाउने तथा पुराना ब्यवस्थाका सबै प्रकारका भ्रष्ट, कुरुप र त्याज्य सबै गलत कुरा अंगीकार गरेर पुरानो सामन्ती ब्यवस्थालाई नव सामन्ती ब्यवस्थाकारुपमा चलाउने र यो गलत दिशामा सबै खालका पुराना रेकर्ड तोड्ने तीव्र प्रतिस्पिर्द्धा चलाउने गरिएको र चलिरहेको छ। राजनीतिक परिवर्तन जनताको आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा रहेका जनहित बिरोधी गलत परम्परा, प्रवृत्ति र प्रकृतिमा आमूल परिवर्तन ल्याउने र समानता, न्याय र समुन्नतिको अग्रतम बाटोमा अग्रसर गराउन लागि हो, हुनुपर्दथ्यो। तर ब्यहारमा जो राज्यको माथिदेखि तलसम्मको कुर्सीमा पुग्छ या पुग्ने तारतम्य मिलाईन्छ तिनै सीमित मानिसहरुको मोज मस्ती र मनपरी नै लोकतान्त्रिक गणतन्त्र हो भन्ने ब्यवहारत: दर्शाउन खोजेको र दर्शाइरहेको आज प्रष्टै देखिन्छ। त्यसैले जनस्तरमा समग्रमा एकमुष्टरुपमा 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने कथन आज आमरुपमै प्रचलित भएको छ। यसले नै राज्यको चरित्र र स्वरुप कस्तो छ र कसरी चलिरहेको छ भन्ने कुरा दर्शाएको छ। निश्चय नै ब्यवस्थामा खोट छ, ब्यवस्थाका सञ्चालक र सम्वाहकमा खोट छ र त्यसको परिणाममा पनि खोटै निस्किन्छ भन्ने कुरा स्वत: सिद्ध छ। नेपाली समाजमा आमूल परिवर्तन भएको छैन र अहिलेसम्मका सबै आन्दोलनहरु यथास्थिति आधार र त्यसैमा खडा भएका शक्तिहरुसँग सम्झौता गरेर टुंगिएका हुन्। त्यसैले परिवर्तनको सीमा र सामर्थ्य के कति होभन्ने कुरा त्यसले प्रष्ट पार्दछ। परिवर्तनको हैसियतभन्दा ठूलो यसको महिमागान गरेर यसले जनताका लागिआधारभूत बस्तु र सेवा अर्थात सुशासन दिनसक्ने औकात बढ्ने होइन। तथापि त्यसै सीमा भित्र पनि दिन सकिने अभ्रष्ट र नैतिकतायुक्त तथा उत्तरदायित्वपूर्ण ब्यबहारमात्र गर्नसक्दा मात्र पनि सीमितरुपमा नै भएपनि सही, कम्तिमा जनताले परिवर्तन आफ्ना लागि हो भन्ने झीनु अनुभव महसुशगर्न सक्ने थिए। तर त्यो न्यूनतम सकारात्मक दिशामा पनि मुलुकलाई डोर्याउने अहिलेसम्मका सत्ताका हर्ताकर्ताहरु देखिएनन्।सत्ताको दुरुपयोग गरेर आफ्नो स्वार्थको गोरखधन्दा चलाउने तीव्र प्रतिस्पर्द्धाले मात्रै प्रचुर पश्रय पायो र चौतर्फीरुपमा पाइरहेको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक सर्वत्रलाजमर्दो अवस्था आज बिद्यमान छ। यस स्थितिले सारत: अग्रगामी आधारभूत र आमूल परिवर्तनकै माग गर्दछ। अहिले बढ्दो ब्यापक असन्तोषलाई प्रतिगामी दिशामा धकेलेर जनता र राष्ट्रका लागि अपेक्षित समुन्नति, सपेक्ष राजनैतिक स्थिरता र सामाजिक स्थाइत्व कदापि आउन सक्तैन र आउने कुनै आधार पनि कदापि बन्दैन। बिगतदेखि अहिलेसम्मका अनुभवहरुले यो एकदमै प्रष्ट पारेको र पारिरहेको अकाट्य कुरा हो। त्यसैले विश्वमा आएका नवीनतम बैज्ञानिक र प्राबिधिक कौशलहरु या त देशमा प्रयोग नै हुन सक्तैनन् या राज्यको दुरुपयोग भएजस्तै तिनको पनि घोर दुरुपयोग हुन्छ। अनि समस्या समाधान हुनेभन्दा समस्या थपिने र जटील बन्ने परिणाम नै आउने कुरा निश्चित छ। त्यसैले कोरा ज्ञानका लागि एआई र अटोमेशनका बिकसित नबिनतम उच्च आधुनिकतम माध्यमहरुको चर्चा गरिए पनि र यसका सकारात्मक र नकारात्मक **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## मर्यादित र व्यावसायिक पत्रकारितामा जोड

काठमाडौँ। प्रधानमन्त्रि तथा एमालेका अध्यक्ष केपी ओलीले मर्यादित र व्यावसायिक पत्रकारितामा जोड दिनु भएको छ। प्रेस चौतारी नेपालको प्रशिक्षण वर्ष-०८२ को लोगो औपचारिकरुपमा सार्वजनिक गर्दै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। गतसाता मंगलबार बालुवाटारमा आयोजित कार्यक्रममा ओलीले लोगो सार्वजनिक गर्नुभएको हो। प्रेस चौतारी नेपालले ०८२ साललाई प्रशिक्षण वर्षको रुपमा लिएको छ। बालुवाटारमा जनसंगठनका नवनिर्वाचित पदाधिकारीहरुलाई बधाईदिन आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले लोगो सार्वजनिकगर्दै मर्यादित र व्यावसायिक पत्रकारिता क्षेत्रको विकास र पत्रकारको सशक्तीकरणका लागि प्रेस चौतारीले थालेको यो अभियानको प्रशंसा गर्नुभएको थियो। उहाँले झुटा कुरालाई होइन, सत्यलाई साथ दिनुस्, तथ्य राखेर सत्यलाई स्थापित गर्ने काममा लाग्नुस्, सोसल मिडिया, डिजिटल प्लेटफर्मतिर अफवाह फैलाउने झूटका पुजारीहरुलाई प्रमाण राखेर सही बाटोमा आउन बाध्य पार्नोस् भन्नुभउको थियो। उहाँले सामाजिक सञ्जालमा फैलाइएका भ्रम चिर्न पनि महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभएको थियो। प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले प्रशिक्षण वर्ष ०८२ अन्तर्गत सातवटै प्रदेश र ७७ वटै जिल्लामा पत्रकारहरुका लागि आधुनिक पत्रकारिता, डिजिटल माध्यम, प्रेस स्वतन्त्रता र श्रम अधिकारजस्ता विषयमा प्रशिक्षण सञ्चालनगर्ने जानकारी दिनुभएको थियो। यसले चौतारी आबद्ध पत्रकारहरु बैचारिकरुपमा मजबुत र बैचारिक रुपमा अब्बल हुने पाण्डेको भनाई थियो। प्रेस चौतारी नेपाल प्रगतिशील व्यवसायी पत्रकारहरुको क्षेत्रमा विगत २७ वर्षदेखि कामगर्दै आएको संस्था हो। पत्रकारहरुको अधिकार, पेशागत हित र नीति निर्माणमा संगठनले अग्रणी भूमिका पनि खेल्दै आएको छ।

## भुँइमान्छेका योगदानकारे चर्चा

काठमाडौँ। एमालेका नेता प्रदीप ज्ञवालीले कम्युनिष्ट आन्दोलनमा भूमिका खेल्ने भुइँमान्छेहरुको योगदानको स्मरणगर्दै राज्यको नीति र नेतृत्वको भावनाले उनीहरुलाई सधैँ नजिक राख्ने बताउनुभएको छ। लेखिका डा बिन्दा पाण्डेको पुस्तक आश्रय, सुरक्षा सम्पर्कको सारथी : भुइँमान्छेमाथिको परिचर्चामा ज्ञवालीले भुइँमान्छेको जीवनस्तर उकास्न राज्यका नीतिसँगै पार्टीले बिभिन्न ठाँउमा उहाँहरुबारे अभिलेख राख्ने, सम्मान र स्मरण गर्नुपर्नेमा जोड दिनुभएको थियो। डा पोण्डेको पुस्तकमाथि समीक्षा प्रस्तुतगर्दै नेता ज्ञवालीले पार्टी निर्माणको जगमा भुइँमान्छेको भूमिका उल्लेख गर्नुभएको थियो। उहाँले भूमिगत आन्दोलनको आश्रय स्थलमा आफ्नो अनुभव सुनाउँदै बच्चाको गाँस काटेर पार्टीलाई सहयोगगर्ने भुँइमान्छेहरुको स्मरण गर्नुभएको थियो। त्यसैगरी राष्ट्रियसभा सदस्य डा अञ्जान शाक्यले युवापुस्तासम्म कम्युनिष्ट आन्दोलन र यसमा भूमिका खेल्ने भुइँमान्छेबारे जानकारी दिन यस पुस्तकले मार्गदर्शनगर्ने विश्वास व्यक्त गर्नुभएको थियो। राष्ट्रियसभाका अर्का सदस्य भगवती न्यौपानेले आगामी पुस्तालाई राजनीतिक संघर्ष, त्याग र बलिदानको इतिहासलाई बुझाउन पुस्तकले मद्धतगर्ने बिचार व्यक्त गर्नुभएको थियो। लेखक पाण्डेले कम्युनिष्ट आन्दोलनमा भूमिका खेल्ने भुइँमान्छेहरुको योगदानलाई राजनीतिक इतिहासका कुनै दस्तावेजमा समेटिन नसक्नु दुखद् भएको बताउनुभएको थियो। तत्कालीन निरंकुशता बिरुद्ध क्रान्तिका लागि निस्किएका नेतृत्वहरुलाई आफ्नो ज्यानको बाजी थापेर जोगाउने सर्वसाधारण भुइँमान्छेको योगदानको स्मरण यस पुस्तकले गर्ने उहाँले बताउनुभएको थियो। राष्ट्रिय समाचार समिति(रासस)का महाप्रबन्धक सिद्धराज राईले भुँइमान्छेको नेतृत्वप्रतिको विश्वासलाई मर्न नदिन नेतृत्व सधैँ सजग र इमान्दार हुनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले पुस्तकमा समावेश भएका पात्रजस्तै म स्वयं पनि भुइमान्छेको छोरा हो। हाम्रा आगामी पुस्ताले पार्टी निर्माणको इतिहास बुझ्न पनि यो पुस्तक पढ्नैपर्छ भन्नुभएको थियो। कार्यक्रममा गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरी, न्यूनतम पारिश्रमिक समितिका अध्यक्ष संगीता खड्का, संविधानसभा सदस्य कल्पना धमलालगायत राजनीतिक नेतृत्व एवं पत्रकारहरुको सहभागिता रहेको थियो। पुस्तकमा बैठक र भेलागर्ने स्थान, भूमिगत नेता-कार्यकर्ताका लागि आश्रयस्थलमात्र नभएर लाउने, खाने र सुरक्षाको समेत जिम्मेवारी निर्वाह गरेका धेरै आश्रयदातामध्ये केही प्रतिनिधिको कथाका पात्रहरुबारे चर्चागरिएको थियो। त्यसैगरी नेपाली राजनीतिक आन्दोलनमा आमाहरुको योगदानलाई समेत पुस्तकले समेटेको छ।

## वरिष्ठ साहित्यकारको समालोचना सार्वजनिक

काठमाडौँ। एकजना वरिष्ठ साहित्यकारको समालोचना सार्वजनिक भएको छ। प्राप्त समाचारअनुसार वरिष्ठ साहित्यकार प्राडा रामप्रसाद दाहालको १८ औं कृतिकारुपमा 'जोडिएको कथा' समालोचना-सृजनाको लोकार्पण गरिएको हो। काठमाडौंको बत्तिसपुतलीस्थित सेवा सदन विद्यालयले सेवा सदन विशिष्ट अर्पण समारोह-०८२ कार्यक्रममा उक्त कृति लोकार्पण गरिएको थियो। नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति तिलविक्रम नेम्बाङ (बैरागी काँहिला) ले प्राडा रामप्रसाद दाहालद्वारा लेखिएका कृतिहरुले नेपाली साहित्यमा उल्लेख्य योगदान दिएको बताउनुभएको थियो। उहाँले साहित्य भनेको मानवको आँखा हो। पछिल्लो समय धेरै साहित्यकार एवं श्रष्टाहरु जन्मिएका छन्। प्रा डा दाहालले लेख्नुभएका कृतिले नेपाली साहित्यका ठूलो योगदान दिएको छ भन्नुभएको थियो। उक्त कार्यक्रममा साहित्य क्षेत्रमा योगदान पुऱ्याउनुहुने वरिष्ठ साहित्यकार प्राडा रामप्रसाद दाहाल, दीपेन्द्र बस्नेत, शर्मिला तिमिल्सिनालाई सम्मान पनि गरिएको थियो। त्यसैगरी कार्यक्रममा सहभागी साहित्यहरुले आफ्नो रचना गर्नुभएका रचनाहरु वाचन गरेर सुनाउनुभएको थियो। साहित्यकारहरु शैलेन्द्र साकार, कलानिधि दाहाल, चट्याङ माष्टर, विजयध्वज थापा, राजेन्द्र केसी, निर्मल पराजुली, जयाछ्याइछ्या राई, कृष्ण बाउसेलगायत उपस्थिति थियो। गायक सुमित खड्का तथा गायिकाहरु अञ्जु गौतम, ऋतु कँडेललगायत साहित्यकारहरुबाट गीत एवं रचना पनि प्रस्तुत भएका थिए।

## बिभिन्न बिधाका श्रष्टाहरु पुरस्कृत

काठमाडौँ। बिभिन्न बिधाका श्रष्टाहरु पुरस्कृत हुनुभएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानले बिभिन्न विधाका श्रष्टाहरुलाई नगद पुरस्कारसहित सम्मान गरेको हो। प्रतिष्ठानले एक कार्यक्रमकाबीच भाषा, संस्कृति, सामाजिक शास्त्र, बालसाहित्य, समालोचनालगायत विधामा बिभिन्न व्यक्तिलाई सम्मान गरेको थियो। प्रतिष्ठानले क्रमशः प्रज्ञा भाषा पुरस्कार चूडामणि रेग्मी, प्रज्ञा सामाजिकशास्त्र पुरस्कार दिल साहनी, प्रज्ञा संस्कृति पुरस्कार डिक बान्तावा, प्रज्ञा बालसाहित्य पुरस्कार **बाँकी ७ पेजमा**

# यौन हिंसा बिरुद्ध नीलो छाता अभियान

काठमाडौँ। पछिल्ला दिनमा नेपालमा बिभिन्न किसिमका हिंसा बढी रहेका छन्। यसैक्रममा यौन हिंसा बिरुद्ध नीलो छाता अभियान थालिएको थाहा भएको छ। प्राप्त समाचारअनुसार बाल आवाज ( भ्वाइस अफ चिल्डेन) ले हालै गरेको 'बालकहरुमाथि हुने यौन हिंसाविरुद्ध नीलो छाता अभियान' विषयक कार्यक्रममा बालकहरुप्रति हुने यौन हिंसा, दुर्व्यवहार, शोषण पर्नेगरेको तर त्यसलाई गम्भीररुपमा नलिने गरेको पाइएको हो। बाल परिषद्का सदस्य सचिव इन्द्रादेवी ढकालले बालकहरुको पीडा बुझ्ने र सुन्ने थोरै भएको अवस्था भएको र यौन हिंसाको शिकार बालिकामात्र हुन्छन्भन्ने शोचकाबीच सन् २०२१ देखि निलो छाता दिवस मनाएर बालकहरु हिंसा हुनेगरेको तथ्य बाहिर आएको बताउनुभएको थियो। बालकहरुमाथि हुने यौन हिंसाको घटनालाई नीलो छाता अभियानले विश्वसामु फैलाएको छ, कानूनी मान्यताको लडाईमा पनि लागिरहेको छ। नेपाल पनि यो अभियानमा लागेको छ भन्नुभयो। बालकको संरक्षणका लागि शुरु भएको हस्ताक्षर अभियान थपमहत्वपूर्ण भएको र कानूनी मान्यतासहित सामूहिक प्रयासले मात्र बालअधिकार सुरक्षित हुने र अभियानमा सबै क्षेत्रको सक्रियताको खाँचो रहेको उहाँको भनाइ थियो। सदस्य सचिव ढकालेलेबालकको संरक्षणका लागि कानून संशोधनमा गएको छ। परिषद् कानून संशोधनगर्न प्रतिबद्धता छ भन्नुभएको छ।

सन् २०२५ मा सार्वजनिक भएको ल्यासेन्ट पब्लिकेसनमा प्रकाशित अध्ययनको रिपोर्टअनुसार विश्वमा १४.८ प्रतिशत पुरुषहरुले १८ बर्ष पुग्नुअगावै यौन हिंसा भोग्नेगरेको तथ्यांक सार्वजनिक भएको छ। सूचना प्रविधिको प्रविधिको प्रयोगसँगै बालकहरु यौन हिंसाको जोखिममा रहेका छन्। नेपाल प्रहरी साइबर ब्युरोको तथ्यांकअनुसार आब ०७९/८० मा जम्मा १७६ जना बालबालिका (बालक ५१ र बालिका १२५) साइबर अपराध पीडित भएकोमा आब ०८०/२०८१ मा २५३ बालक र बाँकी ३८२ बालिका रहेको पाइएको छ। बाल आवाजका निर्देशक राजु घिमिरेले महिला, किशोरी, बालिकालाईमात्रै यौन हिंसा हुन्छभन्ने बुझाइ रहेकोमा बालकहरु वा छोरा पनि यौन हिंसामा पर्ने हुनाले छुट्टै कानूनको आबश्यकता रहेको बताउनुभएको छ। उहाँले बालकहरुमाथि हुने यौन हिंसाबिरुद्ध निलो छाता अभियान सञ्चालन गरेको बताउनु भएको छ। नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि १९८९ मा प्रतिबद्धता जनाई हस्ताक्षर गरेको ३६ बर्ष भएको छ। नेपालको ०७२ को संविधानले बालअधिकारलाई मौलिक हककारुपमा राखेको छ। बालबालिकासम्बन्धी ऐन-०७५, बालबालिका सम्बन्धी नियमावली-०७८ लगायत बिभिन्न बाल संरक्षणसम्बन्धी दर्जनौं कानूनहरु, निर्देशिका, कार्यबिधि बनेको भएपनि प्रभावकारी कार्यान्वयन हुननसक्दा बालबालिकाहरु यौन दुर्व्यवहार, हिंसा र शोषण पर्नुपरेको छ। सञ्चारकर्मी कीर्ति भट्टराईले बालकहरुमाथि हुने यौन हिंसाबिरुद्ध नीलो छाता अभियान विषयक कार्यपत्र प्रस्तुत गर्दै हिंसा र दुर्व्यवहार सहन नसकेर कतिपय बालकहरुले आत्महत्यासम्मको अवस्थामा पुगेको बताउनुभएको थियो। सो अभियानलाई सफल बनाउन नेपालबाट सन् २०२४ मा शुरु भएको हस्ताक्षर संकलन अभियान २०२५ सेप्टेम्बरसम्ममा अनलाइन र अफलाइन माध्यमबाट ४० हजार पुऱ्याउने लक्ष्य राखेको थाहाभएको छ। उहाँले छोराहरु यौन हिंसामा पर्दैनन्भन्ने शोच आम मानिसमा रहेको भएपनि पीडित बालकहरलाई न्याय दिन सकिएको अवस्था रहेको र शिक्षा तथा कानूनमा पनि भखेरै संशोधन भएको र बालिका भनिएको ठाउँमा संशोधित कानूनमा बालबालिका भन्ने शब्द राखिएको जानकारी दिनुभएको थियो। सन् २०२१ अप्रिल २६ तारिखलाई भ्वाइस अफ चिल्डेनले सचेतना दिवसका रुपमा मनाउँदै आएको छ। बालकहरुमाथि पनि यौन हिंसा हुन्छभन्ने सन्देशसहितको चित्रकला प्रदर्शन र बिभिन्न माध्यमबाट सचेतना जगाउने काम गरेको बताएको छ। खोजतलास केन्द्रका प्रहरी नायब उपरीक्षक ( डिएसपी) महेश थापाले प्रहरीमा दर्ताहुन आएका मुद्धालाई हामीले गम्भीररुपमा अध्ययनगरी पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउने गरेको जानकारी दिनुभएको थियो।

# नेपालमा जटिल समस्या बन्दैगएको रेबिज

**डा शेरबहादुर पुन**

एक वयस्क महिला छोरालाई कुकुरले टोकेपछि हस्याङफस्याङगर्दै अस्पताल आइपुग्नु भएको थियो। आफ्नो बच्चालाई कुकुरले टोकेको २४ घण्टा पुग्नै लागिसकेकाले रेबिज खोप तुरुन्त लगाउन उहाँले अनुरोध गर्नुभएको थियो। आत्तिनु स्वाभाविक पनि हो किनभने रेबिज एक प्राणघातक सरुवा रोग हो। नेपालमा बीसौँ मानिस यही भाइरसको कारणले मृत्युवरणगर्दै आइरहेको अधिकारिक तथ्यांक पनि छ। हाम्रो समुदायमा रेबिजबिरुद्धको खोप कुकुरले टोकेको २४ घण्टाभित्र लगाई सक्नुपर्छ वा जसरी पनि लगाउनुपर्छ भन्ने व्यापक मान्यता रहेको पाइन्छ। त्यसो भए के कुकुर वा कुनै शंकास्पद रेबिज लागेको/बहुला जनावरले टोकेमा २४ घण्टाभित्रै रेबिज खोप लगाई सक्नु पर्ने हो त ? कुकुर वा कुनै शंकास्पद बहुला जनावरले टोकेमा खासगरी रेबिज संक्रमणसँग सम्बन्धित चासो लिएर घाइते चिकित्सकको सम्पर्कमा आउने गर्दछन् र स्वस्थाकर्मी/चिकित्सकले पनि रेबिजसम्बन्धी परामर्श वा आबश्यक परे रेबिज बिरुद्धको खोप दिने गर्दछन्। रेबिज प्राणघातक संक्रामक रोग हो। नेपालमा रेबिज लक्षण देखिएका कोही पनि बाँचेका/स्वस्थ भएको तथ्यांक छैन। लेखकको झन्डै साढे दुई दशकभन्दा बढीको अनुभवमा अधिकांश रेबिजबाट मृत्यु हुनेमा रेबिज संक्रमित कुकुरको टोकाइबाट भएको देखेको छ। जंगली स्याल, बिरालोको टोकाइबाट पनि मृत्यु भएको छ। तर समग्रमा संक्रमित कुकुरको टोकाइबाट रेबिज लागेर वर्षेनी सयौँ नेपालीले हाल पनि मृत्युवरण गर्नुपरेको वा गर्दैआइरहेको अवस्था देखिन्छ। जनावरको टोकाइमा बाँदरको टोकाई पनि अग्रपंतिमा नै देखिन्छ तर टोकेपछि रेबिज प्रमाणित भएको नेपालमा भने देखिँदैन। यद्यपि विदेशमा भने फाट्टफुट्ट बाँदरबाट पनि रेबिज पुष्टि भएको पढ्न/सुन्न पाइन्छ। नेपालमा बाँदरको टोकाइबाट मानिसमा रेबिज सरेको प्रमाणित नभएको भएता पनि अरु के कस्तो स्वस्थ समस्या (संक्रमण) देखिन/हुन सक्छभन्ने बारेमाभने सम्बन्धित निकायले चासो लिनुपर्दछ। शहरमा मन्दिर अनि गाउँघरतिर भए खेतबारी/जंगल जाँदा मानिसलाई बाँदरले टोक्ने गरेको पाइन्छ। हाल खोप लगाउने तरिकामा केही परिवर्तन गरिएको छ। तर यो जानकारी सरकारी स्वास्थ संस्था वा अस्पतालमा बाहेक अरु ठाउँमा खासै पुगेकोभने देखिँदैन। सन् २०१७ को अक्टोबरमा विश्व स्वास्थ संगठनका बिज्ञको बैठकले सन् २०१० को रेबिजसम्बन्धी निर्देशिकालाई प्रतिस्थापनगर्दै नयाँ निर्देशिका सन् २०१८ मा प्रकाशित गरेको थियो। त्यसलगत्तै नेपालले पनि सन् २०१९ मा रेबिजसम्बन्धी नयाँ निर्देशिका प्रकाशित गरेको थियो।

नयाँ निर्देशिकामा देखिएको फरक वा परिमार्जित गरिएको विषय भनेको खोप लगाउने तरिका तथा अवधि हो। यसमा विशेषतः छालामुनि र मासु/मांशपेशीका (पाखुराको) गरी दुई प्रकारले खोप दिन सकिन्छ भनिएको छ। यी दुई तरिकाको आधारमा खोपको अवधि पनि एक हप्ता (छाला मुनि) र दुई हप्ता (मासुमा दिने) मात्रा पुरा हुने गरी दिने गरिन्छ। छाला मुनि दिने तरिका पहिलोपटक नयाँ निर्देशिकामा समावेश भएर आएको हो। यो तरिकाबाट लगाउँदा खोपको मात्रा कम लाग्ने अनि छिटो अर्थात मासुमुनि दिने तरिकाभन्दा छोटो अवधिमा सकिने गर्दछ। मासुमुनि दिने तरिका छालामुनि दिने तरिकाभन्दा अवधि लामो भए पनि प्रतिस्थापित निर्देशिकामा भन्दा कम समयमा सकिनेछ। प्रतिस्थापित निर्देशिकामा मासुमुनि दिने तरिका मात्र थियो र त्यो २८ दिनसम्म दिनुपर्दथ्यो। विशेष तालिम प्राप्त स्वास्थकर्मी चाहिने भएकाले निजी क्लिनिक वा अस्पतालमा विशेषतःमासुमुनि दिने तरिकालाई निरन्तरता दिएको देखिन्छ। तर निजी क्लिनिक वा अस्पतालमा अहिले पनि मासुमुनि दिने तरिका अपनाउँदा पाँच पटक अर्थात २८ दिनसम्म लगाउन सुझाएको वा लगाइदिने गरेको देखिन्छ। खोप त लगाउने तर कति दिनभित्र लगाउनुपर्ने होभन्ने चासो अधिकांशमा भएको पाहिन्छ। रेबिज प्राणघातक संक्रामक रोग भएकाले पनि यस्तो चासो स्वभाविक मान्न सकिन्छ। समुदायमा भने कुकुर वा जनावरले टोकी हालेमा २४ घण्टाभित्र खोप लगाई सक्नुपर्छभन्ने मान्यताले व्यापकता पाएको देखिन्छ। खोप जतिसक्दो चाँडो लगाउनु पर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन। उदाहरणको लागि, कसैलाई कुकुर वा कुनै जनावरले टोकेको रहेछभने जतिसक्दो चाँडो नजिकैको अस्पताल वा स्वास्थ चौकीमा गएर खोप लगाइहाल्नु पर्दछ तर कुनै कारणले २४ घण्टापछि खोप लगाउन आएमा पनि खोप लगाउनु पर्दछ। यसो गर्नुको मुख्य कारण रेबिज रोगको इन्कुभेशन अवधि संक्रमित पिच्छे फरक र लामो हुनु हो। इन्कुभेशन अवधिभन्नाले संक्रमित भएर लक्षण देखिने अवधिलाई बुझाउँछ।

लक्षण केही हप्तादेखि महिनौंको अन्तरालमा देखिने गर्दछ। नेपालमा धेरैमा रेबिजको लक्षण औसतमा चार–-पाँच महिनादेखि बर्ष दिनभित्र देखिने गरेको छ। यद्यपि यो शरीरको कुन भागमा टोकेको हो त्यसमा लक्षण देखिने समय अवधि आधारित हुन्छ। खोप लगाउन जतिसक्दो चाँडो अनि ढिलो भन्ने हुँदैनभन्ने हो। कतिपय मानिस खोप लगाउन औषधि पसल जाँदा ढिलो (टोकेको दुई/तीन दिनपछि) आइपुगेकाले खोप लगाएर केही हुँदैन वा लगाउनुको अर्थ छैनभनेर फर्काएको अनि त्यस्ता घाइतेले मृत्युवरण समेत गर्नुपरेको उदाहरण धेरै छन्। यस्ता घटना बढी मोफसलका जिल्लामा भएको पाइन्छ। लेखकको विचारमा औषधि विक्रेतालाई पनि समयसमयमा रेबिजसम्बन्धी अभिमुखीकरण तालिम दिने वा रेबिजसम्बन्धी जानकारी उपलब्ध गराई दिनसके रेबिजबाट हुन सक्ने मृत्युलाई धेरै हदसम्म कमगर्न सकिने देखिन्छ। धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ। चोट/घाउ ठूलो भए यसै पनि धेरैजसो आत्तिएर नै रेबिजविरुद्धको खोप लगाउन अस्पताल आउने गरेको पाइन्छ। तसर्थ, चोट/घाउ ठूलो भएकाको मृत्यु रेबिजबाट हुने संख्या पनि केही हदसम्म कम भएको देखिन्छ। तर चोट/घाउ सानो भए रेबिज हुँदैनभनेर खोप नलगाउनाले तुलनात्मकरुपमा मृत्यु विगतमाभन्दा हाल बढ्दैगइरहेको देखिन्छ। कतिपयले त खोप लगाउन भोलि जान्छु, पर्सि जान्छु भन्दै गर्दा घाउ निको हुने अनि अब लगाउनु पर्दैन होला भनेर खोप नलगाउँदा केही समयपछि उनीहरुको पनि मृत्युभएको छ। पछिल्लो समय ठूलो घाउ चोटको कारणलेभन्दा पनि सानो घाउ चोटको बेवास्ताले गर्दा रेबिजभई मृत्युहुनेको संख्या विस्तारै उकालो लाग्दैगइरहेको छ। हाल घरमा पालिएका भनिएका कुकुरसमेतमा रेबिज भाइरस पुष्टि हुने गरेको पनि देखिएको छ।

यस्तो समस्या विशेषगरेर गाउँघरतिर बढी देखिने गरेको छ। गाउँघरतिर घरेलु कुकुर भन्नाले घरमा खाने/सुत्ने तर दिनमा बाहिर जाने/डुल्ने गर्दा अथवा नियन्त्रण नगरिने हुँदा बाहिरी कुकुर वा जंगली जनावरको सम्पर्कमा आउने अनि रेबिज संक्रमितभई परिवारका सदस्यलाई टोकर संक्रमित गराउने गरेको देखिन्छ। यस्ता समस्या कम भए पनि काठमाडौं पनि हुने गरेको छ। रेबिज रोगबाट बच्ने एक मात्र उपाय भनेको खोप लिनु हो। रेबिजलाई इतिहासमा सिमितगर्ने प्रयास अझै पनि वास्तविकताभन्दा टाढा नै रहेको देखिन्छ। रेबिजबाट मृत्यु हुनेको संख्या विगतका दशकभन्दा उल्लेखनीय संख्यामा घटेको तथ्यांक देखिँदैन। रेबिज रोग किन बढ्दैछ भन्ने कारणको अनुसन्धान नगर्ने हो नेपालमा यो भाइरस साइलेन्ट किलेरकारुपमा रहिरहने छ। बिरामीमा विशेष गरेर हावा वा/तथा पानीदेखि डराउने लक्षण देखिनथालेको केही दिनभित्र मृत्यु निश्चित प्रायःनै हुन्छ। तसर्थ, कुनैपनि जनावर अझ खास गरेर रेबिज संक्रमित कुकुरले टोकेको शंका लागे नजिकैको स्वास्थ संस्था वा अस्पतालमा गएर रेबिजबिरुद्धको खोप लिनुपर्दछ। खोप सकेसम्म चाँडो लिनुपर्दछ तर ढिलो भयोभन्ने पनि हुँदैन। रासस ***(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिट संयोजक हुनुहुन्छ)***

# नेपालमा उत्पादित औषधिको मूल्य निर्धारण बिवादमा

## आर्थिक मञ्च

काठमाडौं। नेपालमा उत्पादित औषधिको मूल्य निर्धारण बिवादमा परेपछि नेपाल औषधि लिमिटेडद्वारा उत्पादित सुपथ मूल्यका औषधि सरकारी स्वास्थ्य संस्थामा उपलब्ध गराउन सहजीकरण समिति गठन गरिएको थाहाभएको छ। लिमिटेडद्वारा उत्पादित सिटामोल, जीवनजल लगायतका औषधि बिक्री नभएको गुनासोपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आवश्यक छलफलगरी समिति गठन गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। मन्त्री पौडेलले सरकारी नियमअनुसार तीनैतहका सरकारी स्वास्थ्य संस्थामा ती औषधि बिक्री सहजीकरणका लागि आबश्यक पहलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र लिमिटेडका अधिकारीसँग आज छलफल गर्नुभएको थियो। उक्त बैठकपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लिमिटेडलगायतका अधिकारी रहनेगरी समिति गठन गरिएको हो। अब समितिको सुझावका आधारमा आबश्यक निर्णय गरेर अघिबढिने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभएको छ। यसअघि छलफलकाक्रममा स्वास्थ्यमन्त्री पौडेलले आमनागरिकलाई सुपथ मूल्यमा उपलब्ध गराउन लिमिटेडबाट निरन्तर उत्पादन हुन जरुरी रहेको बताउनुभएको थियो। उहाँले सरकारी स्वास्थ्य संस्थामा अनिवार्य उपलब्ध हुनुपर्ने ९८ प्रकारका औषधिका लागि उद्योगबाट खरिदगर्न सकिने विकल्पबारे गृहकार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। छलफलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउत, नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपाने, महाप्रबन्धक कैलाशकुमार पनेरु लगायतको सहभागिता रहेको थियो।

# पाथिभारामा केबलकार निर्माणगर्न बाटो खुल्यो

काठमाडौं। चरम बिवादमा रहेको ताप्लेजुङको पाथीभरामा केबलकार निर्माणगर्न बाटो खुलेको छ। आईएमई ग्रुपको लगानीमा पाथीभरामा केबलकार निर्माण अघि बढेको थियो। सर्वोच्च अदालतले उक्त निर्माण रोक्न यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिनुनपर्ने आदेश गरेको छ। न्यायाधीश नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता दिनुनपर्ने भनेको हो। पाथीभरामा केबलकार निर्माण रोक्न मागगर्दै गत चैतमा यामबहादुर लिम्बूलगायतले दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले अन्तरिम आदेशको टुंगो नलाग्दासम्म सबै कामकारवाहीलाई यथास्थितिमा राख्न आदेश दिएको थियो। न्यायाधीश सारंगा सुवेदीको इजलासले अन्तरिम आदेश जारीगर्ने वा नगर्ने भन्नेबारे छलफलगर्न दुवै पक्षलाई झिकाएको थियो। दुई पक्षको छलफलपछि डा. नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले अन्तरिम आदेश दिन नपर्ने बताएको हो।

# द्वन्दग्रस्त ८० देशमा नेपालको भूमिका

काठमाडौं। द्वन्दग्रस्त ८० देशमा नेपालको भूमिका रहेको रहस्य खुलेको छ। रक्षामन्त्री मानवीर राईले उपरोक्त रहस्य खोल्नु भएको हो। उहाँले संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरुले द्वन्दग्रस्त मुलुकहरुमा शान्तिसुरक्षा र मानवीय सहायता सुनिश्चितगर्न महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभएको छ। जर्मनीको बर्लिनमा गतसाता आयोजित संयुक्त राष्ट्रसंघ शान्ति सैनिक खटाउने ८० भन्दाबढी देशका रक्षा तथा परराष्ट्रमन्त्री सहभागिता रहेको सम्मेलनमा उहाँ त्यसक्रममा नेपाली शान्ति सैनिकहरुले उल्लेखनीय योगदान पुऱ्याएको कुरा बताउनुभएको थियो। मन्त्री राईले संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा नेपालको लामो समयदेखिको अविचलित प्रतिबद्धता छ, हाल बिभिन्न ११ वटा शान्ति मिशनमा छ हजारभन्दा बढी शान्ति सैनिकहरु पठाइ शान्ति सेना खटाउने मुलुकमा नेपाल अहिले पहिलो स्थानमा छ भन्नुभएको थियो। उहाँले संयुक्त राष्ट्रसंघको आह्वानमा नेपालले सन् १९५८ देखि नै विनाशर्त निरन्तर शान्ति सैनिकहरु खटाउँदै आएको उल्लेखगर्दै संयुक्त राष्ट्रसंघको अनुरोधमा नेपाल आगामी दिनमा दश हजारसम्म शान्ति सैनिकहरु खटाउन तयार रहेको प्रतिबद्धता जाहेर गर्नुभएको थियो। क्षामन्त्री राईले शान्ति स्थापना कार्यअन्तर्गत उच्च नेतृत्व तहमासमेत रही नेपालले कामगर्ने अवसर प्राप्त गर्ने अपेक्षा राखेको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिनुभएको थियो।

## समाचार विविध

# ब्यापारीबाट एमआरपी लागूगर्न इन्कार

काठमाडौं। उद्योग वाणिज्य संघ लगायतका ब्यापारीका चारवटा संघ संगठनहरुले स्वदेशमा उत्पादित तथा नेपालमा आयात हुने सबै उत्पादनमा अनिवार्यरुपमा अधिकतम खुद्रा मूल्य (एमआरपी) सहितको लेबल लगाउन सहज नभएको स्पष्ट पारेका छन्। वीरगञ्ज उद्योग वाणिज्य संघ, मोरङ उद्योग व्यापार संघ, सिद्धार्थ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य संघ काठमाडौंले एक संयुक्त प्रेस विज्ञप्ति जारीगरेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट गत चैत १४ गते जारी नेपाल राजपत्रको सूचनाअनुसार एमआरपीसहितको लेबल लगाउनुपर्ने निर्णयप्रति ध्यानाकर्षण भएको जनाएका छन्। विभागले गत चैत २० गतेदेखि एमआरपीसहितको लेबल अनिवार्य गरेको थियो। चारवटै संघसंगठनले कोभिड-१९ र विश्वव्यापी मन्दीलगायतका कारण मुलुकमा अवस्थित उद्योग, व्यापार, श्रमिकलाई पारिश्रमिक, बैंकलाई साँवा ब्याज, बिद्युत प्राधिकरणलाई बिजुली महसुललगायतका खर्चहरु जेनतेन धान्दै अर्थतन्त्रलाई चलायमान बनाउँदै आएकाले पनि तत्कालै नेपालमा आयात र उत्पादन हुने वस्तुमा एमआरपीसहितको लेबल लगाउन नसकिने विज्ञप्तिमा उल्लेख छ। यसैक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले पुनः अनिवार्य एमआरपी तोक्नुपर्ने नयाँ प्रावधानका कारण उपभोक्ताहरुको हित संरक्षण हुनुको साट्टो उल्टै ठगिने हुन्छ। गत चैत महिनामा खानेपानीको एमआरपी तोकिनुभन्दा अघि प्रतिजार २५ देखि ३५ रुपैयाँमामात्रै पाइन्थ्योभने एमआरपी ५० रुपैयाँ तोकिएपछि प्रायः सबै उत्पादकहरुले ५० रुपैयाँ लिनथालेको बताउनु भएको छ। अध्यक्ष गौतमले भौगोलिक विविधता तथा विकटताका कारण कुनै सामान एक ठाउँबाट अर्को ठाउँमा ओसारपसारगर्न ठूलो रकम खर्चिनुपर्ने हुन्छ जसलेगर्दा एउटै वस्तुको एमआरपी फरक,फरक राख्नुपर्ने बाध्यता रहेको बताउनु भएको छ। उहाँले चामल उत्पादन हुने ठाउँ वीरगञ्जमा प्रतिबोरा दुई हजार पर्दछ। त्यही चामल ढुवानी खर्चसहित हुम्ला, जुम्लामा प्रतिबोरा तीनहजार पर्दछ। यस परिवेशमा एमआरपी कति राख्ने, दुई हजार कि तीनहजार ? त्यसमा पनि ढुवानी खर्च परिवर्तन भइरहने भएकाले एमआरपी पनि परिवर्तन गरिरहनुपर्ने हुन्छ भन्नुभयो। अध्यक्ष गौतमले विभागले एमआरपी तोक्नुपूर्व पर्याप्त गृहकार्य पनि नगरेको आरोप लगाउनुभउको छ। उहाँले छलफलनै नगरी सात दिनको समय दिएर एमआरपी तोक्दा बजारमा अनेकौं समस्या आउने बताउनुभउको छ। चारवटै व्यापारिक संघसंगठनले नेपालजस्तो भौगोलिक विकटता भएको मुलुक र महँगो ढुवानी भाडा रहेको अवस्थामा मुलुकभर एउटै दरमा सामान बिक्रीगर्न एमआरपी तोक्न सम्भव नभएको जनाएका छन्।

# अब बिदामा पनि पढाउनुपर्ने अवस्था

काठमाडौं। देशभरका शिक्षकहरुलाई अब बिदामा पनि पढाउनुपर्ने अवस्था सिर्जना भएको छ। शिक्षा मन्त्रालयलले बिद्यालयको अनुकूलताअनुसार हिउँदे अथवा बर्षे बिदाको अवधिमा पनि पठनपाठनगर्न सामुदायिक बिद्यालयहरुलाई अनुरोध गरेको छ। मन्त्रालयले एक विज्ञप्ति जारीगर्दै गत चैत महिनामा सञ्चालन गरिएको शिक्षक तथा कर्मचारीको काठमाडौं केन्द्रित आन्दोलनका कारण सामुदायिक बिद्यालयका बिद्यार्थी भर्ना एवं पठनपाठनलगायत कार्यमा पर्नगएकाले यस्तो अनुरोध गरेको जनाएको छ। मन्त्रालयले महासंघको प्रतिबद्धतासमेतका आधारमा आबश्यक व्ययस्था मिलाउन सम्पूर्ण सामुदायिक बिद्यालयलाई अनुरोध गरेको उल्लेख गरेको छ। विज्ञप्तिमा पेशागत आन्दोलनका कार्यक्रममा शिक्षक तथा कर्मचारीको सहभागिताका कारण बिद्यालयमा अनुपस्थितिलगायतका सवालको व्यवस्थापनगर्दै शिक्षकको मनोबल उच्चराख्दै बिद्यालयको प्रशासकीय प्रबन्ध मिलाउन वाञ्छनीय भएकाले यस्तो आग्रह गरिएको उल्लेख छ। यस्तै, शिक्षक र कर्मचारीहरु हाल बिद्यालय फर्केर आफ्नो पेशागत दैनिकी सञ्चालन गरिरहेको सन्दर्भमा सबैको निरन्तर सक्रियता, उत्प्रेरित कार्यसम्पादन तथा बिद्यार्थीको सिकाइ उपलब्धिमा विशेष सुधार ल्याउन शिक्षकको अठोटलाई प्रवर्द्धन गर्ने उद्देश्यले विशिष्ट प्रकारको समन्वय, सहकार्य र सहजीकरणको भूमिका निर्बाह गरिदिन सबै स्थानीय तह, बिद्यालय तथा सरोकार भएकालाई मन्त्रालयले विशेष अनुरोधसमेत गरेको छ।

# जलबिद्युतमा लगानीगर्नेहरुको खोजी जारी

काठमाडौं। नेपालको जलबिद्युतमा लगानीगर्नेहरुको खोजी जारीरहेको थाहाभएको छ। प्राप्त समाचारअनुसार स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले नेपालको जलबिद्युत क्षेत्रमा लगानीगर्न फ्रान्सेली लगानीकर्तालाई आग्रह गर्नुभएको छ। फ्रान्सको राजधानी पेरिसमा हालै आयोजित फ्रान्स-नेपाल जलबिद्युत लगानी सम्मेलनलाई सम्बोधनगर्दै अध्यक्ष कार्कीले दक्षिण एशियामा बढिरहेको ऊर्जाको माग पूरागर्न नेपालको जलबिद्युतको महत्वपूर्ण भूमिका रहने भएकाले लगानीगर्न आग्रह गर्नुभएको हो। सन् १९९९ अघि नेपालको कूल बिद्युत उत्पादन क्षमता २५० मेगावाट रहेकामा २५ बर्षमै तीन हजार ५०० मेगावाट पुगेको छ। यसमा निजी क्षेत्रको योगदान ८० प्रतिशत रहेको अध्यक्ष कार्कीले जानकारी गराउनुभएको थियो। त्रिशूली नदीमा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलबिद्युत आयोजनाको वित्तीय व्यवस्थापनमा फ्रान्सले सहयोग गरेको कार्कीले स्मरण गराउनुभएको थियो। सो परियोजनाका लागि फ्रान्सले अन्तरराष्ट्रिय वित्त निगमसँग मिलेर ४५३ मिलियन अमेरिकी डलर ऋण उपलब्ध गराएको थियो। यो परियोजनाबाट नेपालको बिद्युत आपूर्तिमा उल्लेख्य सहयोग पुग्ने विश्वास लिइएको छ। सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट ऊर्जा उत्पादन पुऱ्याउने सरकारी लक्ष्यलाई ध्यानमा राख्दै, नेपालले ठूला परिमाणमा प्रत्यक्ष विदेशी लगानीलाई स्वागतगर्ने कार्कीको भनाइ थियो।

# साउदी अरबमा नेपालहरु अलपत्र

काठमाठौं। साउदी अरबमा नेपालहरु अलपत्र परेको समाचार बाहिर आएपछि प्रतिनिधिसभाको बैठकमा समेत प्रश्न उठेको छ। एमालेका मुख्य सचेतक महेशकुमार बर्तौलाले साउदी अरबमा रोजगारदाता कम्पनी बन्द भएर अलपत्र परेका नेपालीको उद्धारगर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको गतसाताको एक बैठकको आकस्मिक समयमा उहाँले साउदी अरबको जुवेल शहरमा सेन्ड्रन इन्टरनेसनल कम्पनी लिमिटेड बन्द भएपछि सो कम्पनीमा कार्यरत ४६९ जना नेपाली अलपत्र परेकाले तत्काल उद्धार र सहयोगगर्न **बाँकी ७ पेजमा**

### साउदी...

सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले रोजगारदाता कम्पनी बन्दहुँदा कामविहीन भएका ४६९ मध्ये २२६ जनाले नेपाल फर्कन चाहेका छन् । त्यहाँको दूतावासमा सम्पर्क गरेर उनीहरु नेपाल फर्कन चोहका बताएका छन् । रोजगारविहीन भएकामध्ये २४३ जनाले नेपाल अन्य कम्पनीमा काम गर्ने वातावरण मिलाउन आग्रह गरेका छन् भन्नुभएको थियो ।

### बिभिन्न..

शारदारमण नेपाललाई प्रदान गरेको हो । यसैगरी प्रज्ञा साहित्य पुरस्कार जसराज किराती, प्रज्ञा साहित्य पुरस्कार (गद्य) कृष्ण धरावासी, प्रज्ञा समालोचना पुरस्कार डा सुधा त्रिपाठी, प्रज्ञा दर्शन पुरस्कार गोपीरमण उपाध्याय, प्रज्ञा अनुवाद पुरस्कार डा बलराम अधिकारी र प्रज्ञा अन्तदेशीय पुरस्कार भविलाल लामिछाने (भारत) लाई प्रदान गरिएको छ । यी सबै पुरस्कारको राशि एक लाख र सम्मानपत्र रहेको छ । पुरस्कार वितरणगर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले प्रगतिको प्रस्थान विन्दु नै आशाको सञ्चार भएको बताउनुभएको थियो ।

### आजका..

प्रभाव र परिणामका बारेमा बहस चलाए पनि यथार्थतः आजकै जस्तो यथास्थितिमा कुनै सकारात्मक परिणति आउने आशा र अपेक्षा गर्न पटक्कै सकिन्न । त्यसो गर्ने आधार पनि बन्दैन । यस स्थितिमा बरु बाह्य हस्तक्षेपका अरु थप गतिबिधिहरु अझ बढ्न जाने र देश र जनताण्माथिको परनिर्भताको पासो अझ कसिने स्थिति तीब्र हुने कुरा नै अहिलेसम्मको अनुभवले प्रष्ट पारेको र पारिरहेको यथार्थ छ । यो बास्तविकतालाई आत्मसात गरेर यसबााट सही दिशामा अघिबढ्ने उपायहरु के के छन् र कसरी देश र जनताई सही किसिमले सम्हालेर अघि बढ्न सकिन्छ आज गम्भीर बहस र ब्यवहार केन्द्रित गर्नुपर्ने मूल कुरा यही नै हो । जो हाथ, सो साथको पञ्चायत कालीन परम्परालाई सिंगारपटार गरेर चल्ने गलत मनोबृत्तिले आन्तरिक र बाह्य शोषण उत्पीडनलाई नै अझ बढाउँदछ भन्ने कुरा बुझेर पनि अनेक बहानामा नबुझेजस्तो गर्नु देश र जनताका लागि ठूलो धोका र घोर बेइमानी हो र हुन्छ । अति भए पछि खति हुन्छ भन्ने पूर्खाका अनुभव सिद्ध सही कुरालाई समय छँदै बुझ्नु जरुरी छ । अन्यथा सर्वत्र दुःखद दुर्गति नै हाम्रो नियति बन्ने कुरा रोकिने छैन । अहिलेसम्मको अनुभवको आधारमा निस्किएको निचोड यही नै हो । **लेखक : नेकपाका अध्यक्ष हुनुहुन्छ ।**

### सरकारी...

सुपरजोन कार्यक्रम लागूगरेर सरकारले खेती, प्रशोधन र बजारीकरण गर्नुपर्ने माग गरेका छन् ।

### सरकारी..

त्यसमा माओवादी आन्दोलनले प्रमुख भूमिका खेल्यो । यसमा अरुले सहयोग गरे । त्यसपछिको यात्रा समृद्धिको हो, त्यसमा नयाँ विचारसहितको नयाँ शक्ति चाहिन्छ भन्ने मेरो सुविचारित भनाइ हो । त्यसकारण माओवादी भित्रका साथीहरुले पुनर्विचार गर्नुपर्छ । त्यहींभित्र बसेर बनाउँछु भनेर कतै पुग्दैन । अहिले माओवादीको नेतृत्व गरेका पुराना साथीहरु थकित र गलित भइसक्नुभएको छ । उहाँहरु बाहिर कार्यकर्तालाई हिजोको क्रान्तिकारी देखाउनुहुन्छ । भित्रभित्रको गतिविधि बाहिर छरपष्ट भएर आइसकेको छ । हिजोमात्र टर्कीका कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके) का नेता अब्दुल्लाह ओकलानले २५ बर्ष जेलमा बसिसकेको अवस्थामा अब आन्दोलनको औचित्य छैनभनेर त्यो आन्दोलन विघटनगर्न भन्नुभएछ । गोन्जालोको पनि त्यस्तै भयो । उहाँ जेलमै मर्नुभयो । आन्दोलन सकियो । टर्कीको पीकेके पनि वामपन्थीहरुको ठूलो आन्दोलन हो । त्यसकारण फर्केर हेर्दा हामीले धेरै बुद्धि-विवेक प्रयोग गरेर माओवादी आन्दोलनलाई संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याएछौं । त्यतिबेला बाबुराम अवसरवादी होभनेर आरोप लगाए । मैले सिर्जनशीलता प्रयोगगरी त्यसो नगरेको भए पीकेकेजस्तै माओवादी आन्दोलन खतरामा थियो भनेर भन्न खोजेको हो । त्यसो नगरेको भए संघीय लोकतान्त्रिक गणतन्त्र आउँदैनथ्यो । ४० सूत्रीय मागको ड्राफ्ट मैलेनै गरेको हो । भित्रीरुपमा युद्ध त एउटा साधन थियो । तत्कालीन लक्ष्य संविधान सभामार्फत संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउने थियो । यान्त्रिक ढंगले गएको भए अहिलेको उपलब्धि हुने थिएन । त्यसकारण नयाँ ढंगले जानुपर्छ । म आग्रह गर्छु । **( नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. भट्टराईका उपरोक्त बिचारहरु अन्तवार्ताका आधारमा तयारगरी सम्पादन गरिएका हुन् । )**

### बर्तमान...

नभए आफ्ना नाता सम्बन्धबाट पदहरुमा नियुक्तगर्ने र त्यो पनि नभए पार्टीगत आधारमा पदहरु हत्याउने परिपाटी सारै नराम्रो हो । नेपालजस्तो मुलुकमा जसको अन्त्य ढिलो चाँडो हुनैपर्दछ । नेकां र एमालेले सरकार गठन गरिसकेपछि सातबुँदे सहमतिलाई पूरै बेवास्ता गरेको देखिएको छ । जुन सहमतिका आधारमा गठबन्धन बनाएर यो सरकार गठन भएको थियो, त्यो सहमतिलाई भुलेपछि यो सरकार सफल हुने कुनैपनि संभावना रहँदैन । त्यसैले मुख्यत नेकां र एमालेका शीर्ष नेताहरुले आफूहरुकाबीचमा भएको सहमतिलाई स्मरणगर्नु जरुरी छ । बिर्सिस्सकेको भए त्यतिबेलाका सञ्चार माध्यममा प्रकाशित/प्रशारित सामग्रीको सहारा लिए पनि हुन्छ । समग्रमा हेर्दा नेकां र एमाले सहितको बर्तमान सरकार शक्तिशाली हो । तर स्वार्थ हाबि भएका कारण उसले आफ्नो शक्ति प्रदर्शननै गर्न सकिरहेको छैन । बर्तमान सरकारले हालको अवस्थामा आफूलाई लोकप्रिय पनि बनाउने र देश र जनताको पक्षमा काम पनि गर्ने होभने संसदमा रहेका सबै दलको सर्बदलीय बैठकको आयोजना गरेर सुझाव लिनु उपयुक्त हुन्छ । अझ सकिन्छभने संसदमा रहेका र नरहेका क्रियाशील दलहरुको गोलमेच सम्मेलननै गराउन सके सबैभन्दा बढी उत्तम हुन्छ । सर्वदलीय बैठक अथवा गोलमेच सम्मेलन गराउँदैमा सबै कुरा मान्नुपर्छभन्ने पनि छैन र ति कुरा नमानेको अवस्थामा बर्तमान सरकार ढल्नेभन्ने कुरा पनि हुँदैन । पछिल्लो समयमा सकेसम्म विदेशीलाई बोलाएर लगानी सम्मेलन गराउने र सगरमाथा सम्वाद गराउनेलगायतका जेजस्ता कामहरु भैरहेका छन्, तिनिहरुको कुनै अर्थ छैन । जबसम्म देशभित्र बिधि र पद्धतिको विकास गरिँदैन र सहमतीय आधारमा राजनीतिगर्ने परिपाटीको विकास गरिँदैन, तवसम्म केही पनि हुनेवाला छैन । सरकारको नेतृत्वमा रहेकाहरुको यसतर्फ ध्यानाकर्षण होस ।

### चार...

दिइसकेको छौं, जसमा नागरिकको व्यापक क्षति देख्नपाइन्छ भन्नुभएको छ । इजरायलका प्रधानमन्त्री बेंजामिन नेतान्याहूले आफ्ना सैनिकहरुले गाजामा पूर्ण शक्तिसँग प्रवेशगर्ने बताउनुभएको छ । यो युद्ध अक्टोबर सन् २०२३ मा हमासको इजरायल माथि आक्रमणपछि शुरुभएको थियो, जसमा एक हजार २१८ जनाको मृत्यु भएको थियो । फ्लेचरले गाजाको चिकित्सा प्रणालीको अवस्था समिक्षागर्दै भन्नुभयो-म तपाईंलाई भन्न सक्छुकि गाजाको बाँकी चिकित्सा प्रणालीमा मरेका मानिसहरुको आवाज र गन्ध त्यस्तो छ, जुन कहिल्यै जान सक्दैन । उहाँले सुरक्षा परिषदलाई थप कदम चाल्न र तत्काल कार्यगर्नका लागि आह्वानगर्दै हामीले गर्नसक्ने सबै कुरा नगरेको खण्डमा, भविष्यका पुस्ताले हामीलाई यसका लागि जिम्मेवार ठहराउनेछन् भन्नुभएको छ । त्यसैगरी विश्व स्वास्थ्य संगठन ( डब्लुएचओ) ले लामो समयदेखि जारी नाकाबन्दीले मानवीय सहायता प्रवाह नहुँदा गाजामा अनिकाल र जोखिमको खतरा बढिरहेको चेतावनी दिएको छ । गाजाको सम्पूर्ण २१ लाख जनसंख्याले लामो समयसम्म खाद्यान्नको अभावको सामना गरिरहेको र करिब पाँचलाख मानिस भोक, तीव्र कुपोषण, भोकमरी, रोग र मृत्युको विनाशकारी अवस्थामा छन् भनेको छ । डब्लुएचओले एक विज्ञप्ति जारीगर्दै यो विश्वको सबैभन्दा खराब भोक संकटहरुमध्ये एक हो, जुन वास्तविक समयमा प्रकट हुन्छभनेको छ । डब्लुएचओ सदस्य रहेको एकीकृत खाद्य सुरक्षा चरण बर्गीकरण (आइपिसी) साझेदारीले खाद्य सुरक्षा विश्लेषण पनि जारीगरेको छ । डब्लुएचओका महानिर्देशक टेड्रोस अधोनम गेब्रेयससले हामीले गाजामा अनिकालको घोषणाका लागि पर्खनु पर्दैन, खाना र औषधिहरु सीमापार केही मिनेट टाढाहुँदा पनि मानिसहरु भोकमरी, बिरामी र मर्दैछन् । आजको रिपोर्टले खाना र आवश्यक आपूर्तिको तत्काल पहुँचबिना, स्थिति बिग्रँदै जानेछ, अधिक मृत्यु र अनिकालमा झर्नेछभन्ने देखाउँछ भन्नुभएको छ । अनिकाल अझै घोषणा गरिएको छैन, तर मानिसहरु अहिले भोकमरीमा छन् । गाजाको तीनचौथाइ जनसंख्या आपत्कालीन-विनाशकारी अभावमा छन् । यो आइपिसीको खाद्य असुरक्षा र पोषणको अभावको पाँचस्तरको मापनको सबैभन्दा खराब दुईस्तर हो । यदि स्थिति जारी रह्योभने पाँच वर्षमुनिका करिब ७१ हजार बालबालिका आगामी ११ महिनामा तीव्र कुपोषण हुने अपेक्षा गरिएको आइपिसीको रिपोर्टमा उल्लेख छ । यसैबीच संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले समकालीन र भविष्यका चुनौतीहरुको सामनागर्न थपसान्दर्भिक बनाउन शान्तिरक्षा अभियानलाई बलियो बनाउन आह्वान गर्नुभएको छ । विश्वभरका द्वन्दग्रस्त क्षेत्रहरुमा शान्ति सैनिकहरुको बलिदान र योगदानको प्रशंसागर्दै उहाँले शान्ति स्थापना शान्ति प्राप्तिका लागि एक केन्द्रीय उपकरण रहेको कुरामा जोड दिनुभएको छ । जर्मनीले आयोजना गरेको शान्ति स्थापनाको भविष्यसम्बन्धी मन्त्रीस्तरीय बैठकलाई सम्बोधनगर्दै गुटेरेसले संयुक्त राष्ट्रसंघको स्थापना हामीले एकताबद्ध मानव परिवारका रुपमा काम गरेमा शान्ति सम्भव छभन्ने विश्वासमा भएको थियो । संयुक्त राष्ट्र शान्तिरक्षकहरु वा ब्लु हेलमेटहरु देशहरुलाई द्वन्दबाट शान्तितिर सार्न मद्धतगर्न एकजुट हुने विश्वको क्षमताको सबैभन्दा विश्वव्यापी मान्यता प्राप्त प्रतीक हो भन्नुभउको छ । उहाँले कम्बोडिया, आइभरी कोष्ट, एल साल्भाडोर, लाइबेरिया, नामिबिया, मोजाम्बिक, सियरालियोन र टिमोर-लेष्टेसहित संयुक्त राष्ट्रसंघको शान्तिरक्षा बलको सहयोगमा स्थायी शान्ति हाशिल गरेका धेरै देशलाई उद्धृतगर्दै यी देशमध्ये धेरैले हाल शान्तिरक्षा कारबाहीमा सेनाको योगदान पुऱ्याइरहेको उल्लेख गर्नुभएको छ । यद्यपि उहाँकाअनुसार चारहजार ४०० भन्दा बढी शान्तिरक्षकले कर्तव्यको रेखामा आफ्नो ज्यान गुमाइसकेका छन् । उहाँले अझ जटिल र सीमापार द्वन्द, विश्वव्यापी ध्रुवीकरण, गलत सूचना, आतंकवाद, जलवायुसम्बन्धी अस्थिरता र अन्तर्राष्ट्रिय कानूनको व्यापक अवहेलनासहित शान्ति स्थापनाका लागि आज बढ्दो चुनौतीहरुको सामना गर्नुपरेको स्वीकार गर्नुभएको छ । गुटेरेसले शान्ति रक्षा अपरेसनहरु अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा निर्माणका लागि सबैभन्दा लागत प्रभावी उपकरणहरुमध्ये एक भएको उल्लेख गर्नुभएको छ । उहाँले राष्ट्रसंघका सबै १९३ सदस्य राष्ट्रलाई आफ्नो वित्तीय प्रतिबद्धता पूरागर्न र वर्तमान र उदाउँदो विश्वव्यापी चुनौतीहरुको सामनागर्न भविष्यका लागि तयार शान्ति मिसनहरु निर्माणगर्न सहयोगगर्न आग्रह पनि गर्नुभएको छ । प्यालेष्टिनी क्षेत्रमा बढ्दै गएको इजरायली अत्याचार तत्काल अन्त्य नगरिएको खण्डमा यसले विश्वलाई नै पिरोल्ने देखिएको छ ।

### देशको..

ऐनमा पदाधिकारीहरुको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था रहेको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ । यसैबीच प्रदेश सरकारहरुमध्ये सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशमा रहेको देखिएको छ । लेखापरीक्षणको सारांशअनुसार सबै प्रदेशमध्ये मधेश प्रदेशको बेरुजु सबैभन्दा धेरै देखिएको हो । गत आर्थिक बर्षमा प्रदेश सरकारतर्फ लेखापरीक्षण अंकको तुलनामा १.३६ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको २.५७ प्रतिशत रहेको महालेखाको प्रतिवेदनले देखाएको छ । त्यसैगरी सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८२ प्रतिशत रहेको छ । त्यस्तै, स्थानीय तहहरुको लेखापरीक्षण अंकको तुलनामा २.२६ प्रतिशत बेरुजु देखिएको महालेखाले औँल्याएको छ । जसमध्ये पाँच प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तहको संख्या ६९२ वटा र पाँचदेखि १५ प्रतिशत बेरुजु हुने स्थानीय तहको संख्या ६८ वटा रहेको पाइएको छ । त्यसैगरी तीनै तहको सरकार र बिभिन्न निकायमा असुल गर्नुपर्ने बेरुजु ३० अर्ब रुपैयाँभन्दा धेरै पुगेको छ । आब ०८०/८१ मा नेपाल सरकारको तीनवटै तहको बेरुजु ९१ अर्ब ५९ करोड ७९ लाख पुगेको र त्यसमा असुल गर्नुपर्ने बेरुजु ३० अर्ब १२ करोड ५१ लाख रुपैयाँ पुगेको जनाएको छ । महालेखापरीक्षकको प्रतिवेदनको सारांशअनुसार गत आर्थिक बर्षमा केन्द्रिय सरकारी कार्यालयमामात्रै असुल गर्नुपर्ने बेरुजु १८ अर्ब ३३ करोड २४ लाख रुपैयाँ पुगेको जनाएको छ । सोही अवधिमा प्रदेश सरकारी कार्यालयमा ७६ करोड ८५ लाख र स्थानीय सरकारी कार्यालयमा तीनअर्ब ५० करोड ११ लाख रुपैयाँ असुल गर्नुपर्ने बेरुजु पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी बिभिन्न समिति तथा अन्य संस्थाहरुमा असुल गर्नुपर्ने बेरुजु सात अर्ब ५२ करोड ३१ लाख रुपैयाँ पुगेको छ । बेरुजुमध्ये तीनै तहको सरकारी कार्यालय, बिभिन्न समिति तथा संस्थामा ५६ अर्ब १२ करोड ४२ लाख रुपैयाँ पुगेको र सो आर्थिक बर्षमा पाँचअर्ब ३४ करोड ४६ लाख रुपैयाँ पेश्की बाँड्ने काम भएको महालेखाको सारांश प्रतिवेदनमा उल्लेख छ ।

**राष्ट्रिय परिचयपत्रमा प्रश्न :** महालेखा परीक्षकको प्रतिवेदनले राष्ट्रिय परिचयपत्र वितरणको सुस्त प्रगती प्रगतिप्रति प्रश्न उठाएको छ । आर्थिक बर्ष ०८०/८१ को नीति तथा कार्यक्रममा एक बर्षभित्र सबै नागरिकलाई परिचयपत्र वितरणगर्न अभियान सञ्चालनगर्ने भनिए पनि त्यसअनुसार काम नभएको प्रतिवेदनले भनेको छ । गत बर्ष लेखापरीक्षण गरिएको अवधिसम्म आठ लाख ६७ हजार थान परिचपत्रमात्र वितरण गरिएको प्रतिवेदनमा उल्लेख छ । एक करोड ५२ लाख सात हजार व्यक्तिको विवरण संकलन गरिएको त्यसमध्ये ४३ लाख २८ हजार थान परिचयपत्र छपाईगरी त्यसको २० प्रतिशत मात्र वितरण गरिएको प्रतिवेदनमा भनिएको छ । कार्य योजनाअनुसार समयमा कार्य सम्पन्न गर्नुपर्ने महालेखापरीक्षकको प्रतिवेदनमा सुझाइएको छ । गृह प्रशासन सुधार कार्ययोजना-०७८ अनुसार दुईकरोड नागरिकका लागि विवरण संकलन र एक करोड नागरिकलाई दुई बर्षभित्र राष्ट्रिय परिचपत्र वितरणगर्ने लक्ष्य अनुसारको काम नभएको प्रतिवेदनमा औंल्याइएको छ । नागरिकको वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचपय व्यवस्थापन सूचना प्रणालीको विकासगरी सबै नागरिकले परिचपत्र लिनुपर्ने अभियान सरकारले चलाएको भनिएको छ । जसका बार ेमा ब्याख्या पनि गरिएको छ ।

**वन क्षेत्र अतिक्रमण :** महालेखापरीक्षकको प्रतिवेदनले एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखाएको छ । सो प्रतिवेदनले वन तथा वातावरण मन्त्रालयद्वारा संरक्षित क्षेत्रभित्रको अतिक्रमित चारहजार ३९.१२ हेक्टर जमिन फिर्ता हुननसकेको देखाएको हो । प्रतिवेदनमा ६५ जिल्लामा एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखिन्छ भनिएको छ । वन क्षेत्र अतिक्रमण रोक्न बिभिन्न कार्यक्रम सञ्चालन भएपनि प्रभावकारी कार्यान्वयन भएको देखिएन भनिएको छ । वन ऐन-०७६ को दफा ४९ मा राष्ट्रिय वन क्षेत्रको अतिक्रमणगर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ । अतिक्रमण नियन्त्रणगर्न वन अतिक्रमण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ । मन्त्रालय र अन्तर्गत निकायले वन अतिक्रमण रोक्नु र अतिक्रमित क्षेत्र फिर्ता लिन वन क्षेत्रको संरक्षण गर्नुपर्ने सुझाएको छ । प्रतिवेदनले वन तथा वातावरण मन्त्रालय र मातहतका निकायले विगतका कमीकमजोरी सुधार नगरेको जनाएको छ । प्रतिवेदनले विगतका प्रतिवेदनमा पनि संरक्षित क्षेत्र अतिक्रमण, वायु गुणस्तरको स्थिति, अनुदान उपयोग, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतगर्न कानूनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका बेहोरा समावेश भएकोमा यसबर्ष पनि सुधार नभएको पाइएको उल्लेख गरेको हो । वैदेशिक सहायतामा सञ्चालित आयोजना समय तालिकाअनुसार सञ्चालन नभएको, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन समयमै स्वीकृत नभएको र वन क्षेत्र भोगाधिकारबापत बिभिन्न निकायबाट बिभिन्न निकायबाट वन विकास कोषमा प्राप्त हुनुपर्ने एकअर्ब ४५ करोड ३६ लाख प्राप्त नभएको प्रतिवेदनले देखाएको छ । त्यसैगरी प्रतिवेदनले ६५ जिल्लामा अतिक्रमित चारहजार ३९.१२ हेक्टर जमिन फिर्ता हुननसकेको देखाएको छ । त्यसैगरी प्रतिवेदनले वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतमा वन मन्त्रालयले ढिलाइ गरेको जनाएको छ । वातावरण संरक्षण ऐन-०७६ को दफा तीनमा वातावरणीय परीक्षण एंव मूल्यांकनगरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्नुपर्ने र वातावरण संरक्षण निमावली-०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्यांकन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत हुन न्यूनतम २६५ देखि अधिकतम १७६२ दिनसम्म लगाएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी मन्त्रालयले यसबर्ष ४८ वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गरेकामध्ये १९ वटा प्रतिवेदनको परिक्षणगर्दा उक्त समय लागेको भनिएको छ । आर्थिक ऐन-०८० को दफा १३ (१) मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेल प्रतिलिटरमा १.५० रुपैयाँका दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिने व्यवस्था छ । प्रतिवेदनमा यो बर्ष दुईअर्ब ७८ करोड ९३ लाख रुपैयाँ राजस्व असुल गरेको छ । उक्त शुल्क निर्धारित प्रयोजनमा उपयोग गर्नुपर्दछ भनिएको छ । त्यसैगरी प्रतिवेदनमा आर्थिक बर्ष २०६५/६६ देखि २०८०/८१ सम्म २२ अर्ब ३९ करोड २२ लाख राजस्व असुलगरी सञ्चित कोषमा दाखिला गरेको देखिएको उल्लेख छ ।

**शंकामा ढुकुटीको १३ खर्ब :** महालेखाको प्रतिवेदनमा आर्थिक बर्ष ०८०/८१ मा राज्यकोषबाट भएको आर्थिक कारोवार र अन्य काम-कारवाहीको लेखापरिक्षण गरेको हो । महालेखा परीक्षक तोयम रायाले पछिल्लो एकबर्षमा ९१ अर्ब ५९ करोड रुपैयाँ बेरुजु थपिएको बताए । कारवाही टुंगो लगाउनुपर्ने रकम ३७ अर्ब छ । दुवै जोड्दा अनियमित रकम एकखर्ब २९ अर्ब पुग्छ । केही बर्षयता महालेखा परीक्षकको कार्यालयले बेरुजु र बक्यौतालाई छुट्टाछुट्टै हिसावगर्न थालेको छ । उठाउन बाँकी रहेको राजस्वको आधार बढ्न थालेकाले बक्यौताको आकार पनि ठूलो हुँदै गइरहेको देखिन्छ । पछिल्लो केही बर्षदेखि महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षकगर्न बाँकी रहेको रकम, उठ्न बाँकी राजस्व, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान, र भाखा नाघेको ऋणब्याजलाई कारवाही गरी टुंगो लगाउनुपर्ने रकमभनी बेरुजुभन्दा बाहिर राख्दै आएको देखिएको छ । महालेखा परीक्षक रायाले प्रश्न उठ्नुअघिनै कानूनी प्रबन्धहरुको परिपालना हुनुपर्ने बताउनु भएको छ । उहाँले बिभिन्न सञ्चार माध्यमलाई प्रतिक्रिया दिँदै खासगरी आर्थिक अनुशासनको मामिलामा बिद्यमान कानूनी व्यवस्थाहरुको शुरुदेखि नै परिपालना होस्भन्ने हाम्रो चाहना हो । हामीले प्रश्न उठाएपछि त तत्काल त्यसको सम्बोधन गरेर टुंगो लगाउनुपर्ने हो पनि भन्नुभएको छ । पछिल्लो केही बर्षदेखि महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षक गर्न बाँकी रहेको रकम, उठ्न बाँकी राजस्व, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान, र भाखा नाघेको ऋणब्याजलाई कारवाहीगरी टुंगो लगाउनुपर्ने रकमभनी बेरुजुभन्दा बाहिर राख्दै आएको छ । केही बर्षयता करदाताहरुले कर तिर्न आनाकानीगर्ने प्रवृत्ति बढ्दो छ । यसपालि कर बक्यौता रकम चारखर्ब ७२ करोड रुपैयाँ पुगेको छ । गत बर्षसम्म सरकारले चारखर्ब ३५ अर्ब राजस्व राजस्व उठाउन बाँकी रहेकोमा एकबर्षमा ३७ अर्ब रुपैयाँ थपिएको देखिएको छ । करदाताहरुबाट उठ्नुपर्ने भनी किटानी गरिसकेको रकम उठ्न नसक्दा राजस्व बक्यौला हुन्छ । भाखा नाघेको साँबा ब्याज झण्डै ५० अर्ब रुपैयाँ पुगेको पाइएको छ । त्यसैगरी महानगरपालिकामध्ये सबैभन्दा कम बेरुजु हुनेमा विराटनगर महानगरपालिका देखिएको छ । भनिन्छ विराटनगर महानगरको गत आर्थिक बर्ष ०८०/८१ मा छअर्ब ४४ करोड ७६ लाख रुपैयाँको लेखा परीक्षण भएको थियो । जसमध्ये दुई करोड आठ लाख ५७हजार बेरुजु थियो । जुन ०.३२ प्रतिशतमात्र हो। महानगरमध्ये देश्रोमा ललितपुर महानगरको कम बेरुजु छ । ललितपुरको बेरुजु१० अर्ब६८ करोड ९७ लाख लेखापरीक्षणगर्दा पाँच करोड ५५ लाख बेरुजु देखिएको छ। जुन ०.५२ प्रतिशत हो। तेश्रोमा चितवनको भरतपुर महानगरपालिकामा ११ अर्ब १३ करोड तीनलाख रुपैयाँको लेखा परीक्षणगर्दा १० करोड दुईलाख बेरुजु देखिएको छ । जुन ०.९० प्रतिशत हो। काठमाडौं महानगरपालिका चौथोमा रहेको पाइन्छ। तुलनात्मक रुपमा धेरै बजेट खेलाउने काठमाडौं महानगरको २७ अर्ब ५२ करोड ४४ लाख रुपैयाँको लेखापरीक्षण गर्दा ६८ करोड दुई लाख बेरुजु देखिएको छ। जुन २.४७ प्रतिशत हो। त्यसैगरी पर्सा वीरगञ्ज महानगरपालिकामा छअर्ब २८ करोड १६ लाख लेखा परीक्षणगर्दा २२ करोड ७५ लाख बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। जुन ३.६२ प्रतिशत हो। त्यसैगरी पोखरा महानगरमा महानगरमध्ये सबैभन्दा धेरै बेरुजु देखिएको छ। जसको१३ अर्ब ४६ करोड ७२ लाख लेखापरीक्षण गरिएकोमा ५० करोड ४३ लाख रुपैयाँ बेरुजु देखिएको छ। जुन ३.७४ प्रतिशत हो। यसरी सरकारको आर्थिक कारोवारमा धेरै कमजोरी र अपारदर्शीता बढ्दै गएको देखिएको छ। विदेशी लगानी र आर्थिक सहायता जुटाउन भन्दा बेरुजु उठाउन र आर्थिक अनुशासन कायम गराउन बढी ध्यान दिनुपर्ने देखिएको छ। देशलाई संघीय शासनमा लथिए पनि आर्थिक अस्तब्यस्तता बढेको प्रतिवेदनको अध्ययनले देखाएको छ। सबै तथ्यांक र बिवरणहरुलाई मिलाएर शुक्ष्म बिश्लेषणगर्दा संघीय शासनको अन्त्य गरेर स्थानीय निकायलाई समाजसेवी नबनाउने होभने नेपालको आर्थिक संकट थेगिनसक्नु ढंगले बढिरहेको/बढ्ने र आगामी बर्षहरुको आर्थिक चित्र झन डरलाग्दो हुने अवस्था सिर्जना हुने देखिएको छ। **( उपरोक्त बिवरण महालेखाको रासस लगायतका सञ्चार माध्यममा प्रकाशित समाचारहरुबाट लिएर भाषागत सम्पादन गरिएको हो । )**